# स्थानीयविपद् तथाजलवायु उत्थानशील योजना

# Local Disaster and Climate Resilience Plan( LDCRP)

**शहीदनगर नगरपालिका, धनुषा**

शहीदनगर नगरपालिका-२०८०

निर्माण निर्देशिका: स्थानीयविपद् तथाजलवायु उत्थानशील योजनातर्जुमानिर्देशिका, मस्यौदा २०७४

**Local Disaster and Climate Resilience Planning Guidelines (LDCRP -2074)**

**दस्तावेज :** स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०८०, शहीदनगर नगरपालिका, धनुषा

**प्रकाशक :** स्थानीय विपद् व्यवस्थापन समिति, शहीदनगर नगरपालिका, धनुषा

**प्रकाशन मिति :** प्रथम पटक प्रकाशन मिति २०८०

**आर्थिक तथा प्राविधिक सहयोग** : यो योजनाको निर्माण शहीदनगर नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति, DFAT (Australian Aid), Habitat for Humanity Australia, Habitat for Humanity Nepal, सामुदायिक सुधार केन्द्र (CIC) र IRDC (Innovative Research and Development Center) सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

**सर्वाधिकार :**

शहीदनगर नगरपालिका

धनुषा

**आर्थिक तथा प्राविधिक सहयोग :**

सामुदायिक सुधार केन्द्र (CIC)

जनकपुरधाम, धनुषा

## विपद् व्यवस्थापनमाप्रयोग हुने केही महत्वपूर्ण शब्दावली

| **नेपाली शब्द** | **अंगेजी शब्द** |
| --- | --- |
| भवननिर्माण संहिता | Building Code |
| क्षमता | Capacity |
| क्षमताविकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीनव्यवस्थापन | Emergency Management |
| सामनाक्षमता | Coping Capacity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिमव्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणनीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofitting |
| जोखिम | Risk |
| जोखिमविश्लेषण | Risk Assessment |
| जोखिमव्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न/सङ्कटासन्नता | Vulnerable/Vulnerability |

# शहीदनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

यदुकोहा, धनुषा
मधेश प्रदेश, नेपाल

Email: ito.sahidnagarmun.@gmail.com
Email: Sahidnagar60@gmail.com


पत्र संख्या:
चलानी नं.:

मिति: २०८०।०३।१५

## शुभकामना सन्देश

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी ,असिना, आगलागि, भूकम्प र हिमताल विस्फोट्न जस्ता प्रकोपहरुको जोखिममा छन् । नेपाल विश्वमा २० औ विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ । त्यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेलाजान सक्ने प्रभावकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ । विश्वव्यापी रुपमाभूकम्पीय जोखिमको दृष्टिकोणले नेपाल ११ औ स्थानमा तथा जलवायु परिवर्तनको जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ यस नगरपालिकाको परिपेक्षमा विगतका घटनाक्रमलाई केलाउदा बाढी, डुबान, कटान पटानको कारण वर्षेनी जन समुदाय आक्रान्त बन्दै आएको छ । यस प्रकारका विपद्ले संकटासन्न अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरुमा बढि मात्रामा असर परेको देखिन्छ । विभिन्न मानव सृजित तथा जलवायु परिवर्तनका कारण विपद्का असर बढि रहेका छन् ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तह सम्म विस्तार गरी सबै तह का विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापितहुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकताहो ।

यस योजना निर्माण प्रक्रियालाई सहभागिता मूलक, पारदर्शी, उत्तरदायी समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसाथ गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १ (न) ले दिएको अधिकार प्रयोग गरी समावेशी र जलवायु उत्थानशीलताका विषयहरु समेत समावेश गर्दे शहिदनगर नगर पालिकामामा Habitat for Humanity को आर्थिक सहयोग र सामुदायिक सुधार केन्द्र(CIC) जनकपुधामको प्राविधिक सहयोगमा स्थानीयविपद् तथाजलवायु उत्थानशील योजना २०८० निर्माण गरिएको छ ।

अन्तमा यस योजना तयार गर्ने क्रममा योगदान दिनु हुने उपप्रमख ज्यू, प्रशासकिय अधिकृत ज्यु, नगर कार्यपालिका सदस्यज्युहरु ,नगर विपद व्यवस्थापन समिति योजना तर्जुमा उपसिमिति, आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने DFAT (Australian Aid), Habitat for Humanity Australia, Habitat for Humanity Nepal, सामुदायिक सुधार केन्द्र (CIC) र IRDC (Innovative Research and Development Center) सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

दिनेश प्रसाद यादव
नगर प्रमुख
अध्यक्ष, नगर विपद् व्यवस्थापन समिति

दिनेश प्रसाद यादव
नगर प्रमुख

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकोहा, धनुषा
मधेश प्रदेश, नेपाल
Email: ito.sahidnagarmun.@gmail.com
Email: Sahidnagar60@gmail.com

# शुभकामना सन्देश

हालजलवायु परिवर्तनको असर विश्वभर देखा परेको छ। नेपालपनि यसवाट अछुतो छैन। स्थानीय स्तर खासगरी विपन्न तथा सिमान्तकृत वर्गमायसको असर झन बढि रहेको छ। यसको असर न्यूनीकरण्का लागि नेपाल सरकारले आवश्यक नीतिगत व्यवस्थाको सुरुवात गरिसकेको छ। भौगोलिक अवस्थिती, आर्थिक, कमजोरी, शहर केन्द्रित बसाइ सराई, प्राकृतिक श्रोतहरुका अत्यधिक प्रयोग जस्ता कारणबाट जोखिमको दर दिनानु दिन बढ्दै गएको अवस्थामा नेपालको वर्तमान राज्य पुनरसंरचनाले स्थानीय तहहरुलाई जिम्मेवार तथा अधिकार सम्पन्न गराउँदै गर्दा यस्ता जोखिमहरुको न्यूनीकरण ,पूर्वतयारी जस्ता क्रियाकलापहरुको संचालनबाट संकटासन्न अवस्थामा रहेका समुदाय, वडा तथा स्थानीयतहलाई उत्थानशील बनाउनुपर्ने नीतिगत तथा व्यवहारिक आवश्यकता रहेको छ।

उत्थानशील समाजनिर्माणको लागिविकास योजनामा विपद् तथा जलवायु उत्थानशील सवाललाई एकीकृत रुपमा मूलप्रवाहिकरण गर्न जिम्मेवार निकायहरुले आवश्यक कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ।

यसै सन्दर्भमा धनुषा जिल्लाको शहिदनगर नगरपालिकामा जलवायु परिवर्तन तथावातावरणीय क्षेत्रमा समन्वयका लागि नगरपालिका कार्यपालिकाको नेतृत्वका स्थानीय बहुसरोकारवाला संघ संस्थाहरु र लक्षितवर्ग समेतको सहभागितामा गठित नगरपालिका स्तरिय विपद् व्यवस्थापन समितिको अगुवाईमातयार गरिएको यो विपद्तथाजलवायु उत्थानशील योजना सबैको लागि अनुकरणीय हुनेछ भन्ने आशा राखेको छु।

अन्तमा, यस योजना तयार गर्नको लागि सहयोग गर्नु हुने प्रमख ज्यू, प्रशासकिय अधिकृत ज्यु, नगर कार्यपालिका सदस्यज्युहरु ,विषयगत शाखाका प्रमुख एवं सदस्य ज्यू, नगर विपदव्यवस्थापन समिति योजना तर्जुमा उपसमिति, आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुन DFAT (Australian Aid), Habitat for Humanity Australia, Habitat for Humanity Nepal, सामुदायिक सुधार केन्द र IRDC (Innovative Research and Development Center)सबैलाई धन्यवादव्यक्तगर्दछु।

सुनिता कुमारी सिह
नगर उपप्रमुख, शहिदनगर नगरपालिका.

सुनिता कुमारी सिंह
नगर उप-प्रमुख

# खण्ड १: परिचय

## १.१ परिचय

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागि, हावाहुरी, चट्याङ, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” र स्थानीय अनुकुलन योजनाको राष्ट्रिय संरचना, २०६८ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुर्नस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ।यसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद् व्यवस्थापनलाई मूलप्रवाहिकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् तथा जलवायु उत्थानशील तथा व्यवस्थापन ऐन, २०७४ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनिकरण र जलवायु उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै “स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८” तथा स्थानीय जलवायु अनूकुलन योजनाको राष्ट्रिय संरचना २०६८ मा व्यवस्था भएका प्रक्रिया एवं विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशीलयोजना तर्जुमा निर्देशिका, २०७४ अनुसारको मस्यौदाको आधारमा तयार गरी लागू गरिएको छ । विश्व मानचित्रमा विपद्जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रुपमा नेपाललाई लिइन्छ । सम्रग प्रकोप जोखिमको हिसालले ३० औ स्थानमा भूकम्पीय जोखिमको हिसाबले ११ औ स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसाबले ३० औ स्थान र जलवायु परिवर्तनको प्रभावको हिसाबले ४ औ स्थानमा पर्दछ ।

नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरुजस्तैः बाढी, पहिरो आगलागि, महामारी, खडेरी, रोगकिरा, मौसमको विषमता तथा भुकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आएको छ। जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ । यस्ता असरहरूले बर्षेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरू जस्ता घटनाहरू बढी मात्रामा दोहोरिएका छन् । यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामिण बसोवास, पोषण तथा सरसफाई र भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ । जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला,अपाङ्गता भएका व्यक्ति, गरीब, विपन्न, एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडी पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी

प्रभावित हुन्छन् भन्ने विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन् । ती विपद्का कारण देशमा वर्षेनी ठूलो रुपमा जनधनको क्षति हुने गरेको छ। विपद् पुर्वतयारी कार्यहरु न्यून भएको कारण विपद्को ठूलो क्षति हुने गरेको छ । अतः देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन स्थानीय स्तरदेखि नै पहल हुन जरुरी छ। यसै परिप्रेक्षलाई मध्यनजर राखी सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका तयार गरि लागु गरेको छ । यसै निदेशिकालाई आधार मानेर गाउँपालिका तथा नगरपालिका स्तरिय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा प्रक्रियाको कार्य थालनी भएको छ।

यस्तो प्रकारको प्रकोप बढ्दै गईरहेको शहीदनगर नगरपालिकाका वासिन्दाहरुले पनि अनुभव गर्न थालेकाछन् । यस क्षेत्रका अधिकांश घरधुरीहरू कृषि तथा पशुपालनमा निर्भर रहेका छन् तर बाढी, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धति, पशु, वन,स्वास्थ्य तथा पोषणमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको विपद्जन्य प्रकोपबाट परेको तथा पर्नसक्ने प्रतिकूल प्रभावबाट स्थानीयस्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ। नेपाल सरकारको विपद् सम्बन्धी ऐन २०७४ र विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४(मस्यौदा) अनुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी बहुसरोकारवाला निकाय ( वडाकार्यालय, वडासचिव, शिक्षक, समाजसेवी, महिला स्वयंसेविका, जेष्ठ नागरिक, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक श्रोत ब्यवस्थापन समूहका प्रतिनिधि, महिला, पुरुष लगायत अन्य बुद्धिजीविहरुको सहभागितामा जलवायु परिवर्तन अभिमुखिकरण एवं स्थानीय उत्थानशील योजना तर्जुमा गोष्ठीबाट आगामी ५ बर्षका लागि विपद् तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरिएको छ । यस योजनाबाट यहाँका वासिन्दाको अनुकूलन क्षमता तथा समुत्थानमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई यस वडाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रियामार्फत नगरपालिका तथा वडा कार्यालय, जिसस (जिल्ला समन्वय समिति) लगायत राष्ट्रिय योजनामा समेत समावेश गरिने छ । यस नगरपालिकामा सञ्चालन हुने अन्य विकासका कार्यक्रमहरु समेत जलवायु परिवर्तन अनुकूलन तथा समुत्थान मैत्री बन्दै जाने विश्वास गरिएको छ।

## १.२ नगरपालिकाको परिचय

### क) शहीदनगर नगरपालिकाको संक्षीप्त परिचय

शहीदनगर नगरपालिका नेपालको मधेश प्रदेशमा पर्ने धनुषा जिल्लाको दक्षिण भेगमा अवस्थित छ। यो नगरपालिका साविकको बालाबाखर,चौराकोयलपुर, यदुकुवा, नन्नुपटी, खरीहानी, पर्चहवा, हठीपुरहरवाहा, धवौली, विसरभोरा, गोठकोयलपुर गाविसहरुको सम्मिलनबाट २०७३ सालमा स्थापना भएको हो । शहीदनगर नगरपालिकाको क्षेत्रफल ५७.३७ बर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको पूर्वमा कमला नगरपालिका,पश्चिममा हंसपुर नगरपालिका, औरही नगरपालिका र उत्तरमा सबेला नगरपालिकार दक्षिणमा विदेहीनगरपालिका पर्दछन् । यस नगरपालिकामा९ वटा वडा रहेको छ ।२०७८ को राष्ट्रिय जनगणना अनुसार शहीदनगर नगरपालिकाको जनसंख्या..५३,८१२. रहेको छ, जसमा महिला२७,६०४..र पुरुष२५,२०८रहेको छ । यस नगरपालिकामा रहेका विभिन्न वडाहरुको जनसंख्याको विवरण निम्नअनुसार रहेको छ।

## तालिका १: घरधुरी र जनसंख्याको विवरण

| वडा न | घरधुरी | कूल जनसख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| १ | १८११ | ८७७६ | ४४५१ | ४३२५ |
| २ | १०६२ | ५२६६ | २६४६ | २६२० |
| ३ | १५५२ | ७६३३ | ३८८४ | ३७४९ |
| ४ | १०६७ | ५३५६ | २७७३ | २५८३ |
| ५ | ८८७ | ४१९२ | २१६१ | २०३१ |
| ६ | ९६४ | ४५५० | २३४९ | २२०१ |
| ७ | १६८८ | ८३०२ | ४२९५ | ४००७ |
| ८ | ११५२ | ५३७४ | २७६९ | २६०५ |
| ९ | ९४१ | ४३६३ | २२७६ | २०८७ |
| **जम्मा** | **१११२४** | **५३८१२** | **२७६०४** | **२५२०८** |

श्रोत : राष्ट्रिय  जनगणना२०७८, शहिदनगर नगरपालिका

## तालिका २: उमेर अनुसार महिला पुरुष र जनसंख्याको विवरण

| वर्ष | लिंग | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| ० - ४ | २९०२ | ३७६९ | ६६७१ |
| ५ - ९ | ३००७ | ३७१५ | ६७२२ |
| १० - १४ | २८३३ | २९८९ | ५८२२ |
| १५ - १९ | २३३९ | २३९२ | ४७३१ |
| २० - २४ | २८४८ | २०१३ | ४८६१ |
| २५ - २९ | २४६२ | १६२२ | ४०८४ |
| ३०- ३४ | १९२६ | १३५३ | ३२७९ |
| ३५ - ३९ | १९२७ | १३९१ | ३३१८ |
| ४० - ४४ | १४१० | १०३४ | २४४४ |
| ४५ - ४९ | १३०६ | ९११ | २२१७ |
| ५० - ५४ | ११२९ | १०८६ | २२१५ |
| ५५ - ५९ | ८५७ | ९६२ | १८१९ |
| ६० - ६४ | ८३४ | ८१७ | १६७१ |
| ६५ - ६९ | ७८४ | ८९९ | १६८३ |
| ७०देखि माथि | १०४० | १२३५ | २२७५ |
| **जम्मा** | **२७६०४** | **२६२०८** | **५३८१२** |

श्रोत : राष्ट्रिय  जनगणना२०७८, शहीदनगरनगरपालिका

तालिका ३: अपाङग्ता भएका व्यक्तिहरुको विवरण

| वडा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ८ | ३५ | ४३ |
| २ | १२ | ४० | ५२ |
| ३ | १५ | २० | ३५ |
| ४ | १५ | २० | ३५ |
| ५ | ११ | १६ | २७ |
| ६ | २३ | २७ | ५० |
| ७ | २२ | ४५ | ६७ |
| ८ | १० | २९ | ३९ |
| ९ | १७ | २१ | ३८ |
| **जम्मा** | **१३३** | **२५३** | **३८६** |

**श्रोत :अपाङ्ग सम्बन्धी तथ्याकं संकलन कार्यक्रम ०७७०७८, शहीदनगर नगरपालिका**

## (ख) शहीदनगरनगरपालिकामा विपद् र जलवायुको अवस्था

शहीदनगर नगरपालिका विपद् जोखिमबाट निकै संबेदनशील क्षेत्रको रुपमा रहेको छ । बाढी, आगलागि, जंगली जनावरको आतंक, महामारी, हावाहुरी शीतलहर, लगायतका विपद् जोखिमको सामना यस क्षेत्रका बासिन्दाहरुले गर्नुपरेको छ ।शहीदनगरनगरपालिकामा आइरहने विभिन्न प्रकोपका घटनाहरूको विवरणलाई हेर्ने हो भने यहाँ भूकम्प, बाढी,कटान, डुवान, आगलागि आदिबाट ग्रसित रहेको पाइन्छ । यस नगरपालिकामा पूर्व तथा उत्तरी सिमानामा रहेको कमला नदिले वर्षेनी कटान, डुवान र पटानको समस्याको कारणले प्रत्येक वर्ष जनधनको क्षति हुने गरेको छ ।

विगतको इतिहासलाई फर्केर हेर्ने हो भने कमला नदिलेवडा न २ कोडुमवस्ती, वडा न ५ कोपासवान टोलको १० घरधुरी डुवानभएको छ ।विशेषतः बाटो निर्माण गर्दा नालाहरु नभएको कारण,पानी निकास नभएको कारण, स साना नहर पनि निर्माण नभएको कारण,त्यस्तै अत्यधिक वर्षा हुदा पानी एकै ठाउँबाट निकास भएकोले त्यहा नजिकै रहेको वस्तीहरु डुवानमा भएको अवस्था छ । त्यस्तै यस शहीदनगर नगरपालिकामा घनाबस्ती, घरहरु खरको छाना भएको, जनचेतनाको कमीले गर्दा प्राय गर्मी याममा आगलागिका घटनाहरुले समुदायका व्यक्तिहरु प्रभावित हुनेगर्दछन् । विशेषगरि चैत्र वैशाखमा आगलागिको घटनाहरु बढि हुने गरेको देखिन्छ । त्यस्तै स साना नालाहरुमा प्लाष्टिक, कागज, ढुंगा, टायर जस्ता सामाग्रीहरु जथाभावी फाल्ने र बाल्ने गरेर वातावरण फोहोरभएको छ, जसको कारण महामारीको जोखिम बढ्ने सम्भावना देखिन्छ ।

हालको अवस्थालाई हेर्दा कमला नदिको कारण वडा १, २, र ८ वडा प्रभावित देखिन्छ,भने विमला खहरे खोलाको कारण वडा न ५ प्रभावित देखिन्छ । वि.स २०५६ सालको बाढीले वडा न १ को केमरखीको ६० घर ,बैरियाटोल को १० घर, लक्ष्मिपुर को ४० घर, सुन्दरपुरको ३५ घर, बाहावको ४० घर,

बलाहनको ५० घर, चिरैयाको ५० घर, टेनाको ५० घर पूर्ण रुपमा क्षति भएको थियो । त्यस्तै २०८० वैशाखमा आगलागिले चिरैयाको २ घर पूर्णरुपमा क्षति भएको र करिव २ लाख रुपैया बराबरको क्षति भएको थियो । २०५२ सालको आगलागिबाट वडा न २ को ननुपटी टोलका १० घरमा आगलागि भएको र २ वटा घरको अन्न कपडाहरुजलेको थियो । विगतको वर्ष २०७९ को कोरोना महामारीको कारण वडा न ३ मा आर्थिक रुपमा रु २ लाख ५० हजार जति खर्च भएको, र २ जना मानिसको मृत्यु भएको थियो । सोही वर्ष कमला नदीमा आएको बाढीको कारण हौवारीका ६ वर्षको बच्चाको मृत्यु भएको थियो ।

२०५७ सालको आगलागिबाट वडा न ४ को ननुपटी गाविसका १० घरको अनाज,कपडाहरु सबै जलेको थियो र आर्थिक रुपमा रु ८ लाख रुपैया बराबरको क्षति भएको थियो । त्यस्तै २०७९ साल मंसीरमा भिटकैया गाउँमा ४ जना वाइक सवार सडक दुर्घटनामा परेको मध्ये ३ जना घाइते र १ जनाको मृत्यु भएको थियो । त्यस्तै २०५५ सालमा महामारी (हैजा) को कारण वडा न ५ का सबै टोलहरु प्रभावित थियो । २०७९ साल चैत्र महिनामा वडा न ६ को हरावाडा टोलमा आगलागिबाट २ थान दराज, २ थान ढोका, २ थान झ्याल पूर्ण रुपमा र १ वटा भैसी जलेको, करिब २ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै वि स २०७२ साल वैशाख १२ गते गएको भूकम्पले हरवरा टोलको १५ घर. भत्केको, सरसामान चोरी तथा लुटपाट भएर करिब १८ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो ।त्यसैगरि विस २०७६ सालको आगलागिले वडा न ७ को धवौलीटोलमा ५ वटा घर पूर्ण रुपमा जलेरक्षति भएको थियो।बाढीको कारण काजीपैनीको पानी भरिएर धवौली र यादव टोल प्रभावित भएको थियो, जसमा ५० घरधुरी यादव टोलको र धवौलीटोलको २०० घरधुरी जोखिममा रहेको थियो।खास गरि अत्यधिक वर्षाको कारण पानी जमेर निकास हुन नसकेकोले धवौली टोलको १००घरडुवान भएको थियो ।त्यस्तै वि स २०७२ सालको भूकम्पले वडा न ८ को नाथपटी टोलको ५० वटा घरका भित्ता चिरा परेको, ८ जना मानिस घाइते भएको र रु १ लाख ५० हजार बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै सन् २०१९ मा आएको कोभिड १९ ले वडा भरि सबै टोल प्रभावित भएको, जसमा ८ जना को मृत्यु भएको थियो ।

त्यस्तै २०५३ साल जेठ महिनामा आगलागिलेवडा न ९ को गोठकोयलपुरको फुसको १ घर जलेको र १ वटा बाख्रा मरेको, करिव रु ४० लाख बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै २०७३ सालको जेठ महिनामा आएको हावाहुरीले १ वटा फुसको घरको छाना उडाएको, १ जना व्यक्ति घाइते भएको, करिब रु १ लाख ५० हजार बराबरको क्षति भएको थियो । **(श्रोत::संकटासन्नता तथा क्षमता विश्लेषण २०८०, शहीदनगर नगरपालिका, धनुषा)**

सम्भावित प्रभावित घरघुरी बहुप्रकोपको जोखिमको दृष्टिकोणले निम्न तालिकामा पाउन सकिन्छ ।

**तालिका ४: सम्भावित प्रभावित घरधुरी बहुप्रकोपको जोखिमको विवरण**

| **वडा** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | ३३५ | ४४५ | २४३ | ९१ | ६२१ | ८१५ | २५० | १०० | ४५० |
| आगलागि | ३७० | ३०१ | १९९ | १२४ | ९३ | २२३ | २८० | ३२१ | ३२९ |
| महामारी | वडाको सबै | वडाको सबै | वडाको सबै | वडाको सबै | वडाको सबै | वडाको सबै | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | घरधुरी | घरधुरी | घरधुरी | घरधुरी | घरधुरी | | | |
| हावाहुरी | ३५६ | २९८ | १२३ | ८१ | ८६ | २१६ | २५५ | ३०५ | ३०६ |
| चट्याङ | ४३४ | ४३४ | ४३४ | ४३४ | ४३४ | ४३४ | ४३४ | ४३४ | ४३४ |
| जंगली जनावरको आतंक | ४३४ | २५६ | ११५ | ९१ | ६६ | २२५ | ३९५ | ५५७ | २२७ |
| शीतलहर | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी |
| बालीनालीमा लाग्ने रोग | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी | वडाको सबै घरधुरी |

यसरी यस नगरपालिका बहुप्रकोपको हिसावले जोखिममा रहेको छ । तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुनसक्ने मानिसको जनधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि विपद्को असरलाई न्यूनीकरण गर्ने र विपद्का कार्यलाई विकासको प्रक्रियामा मुल प्रवाहीकरण गर्ने उद्देश्यले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयनका लागि पहल गर्न खोजिएको छ । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने, जलवायु परिवर्तनसंग अनुकुल भएर एक समुत्थानशिल समुदायको रुपमा हुनका लागी मद्धत पुऱ्याउने छ भन्ने आशा गर्न सकिन्छ।**श्रोतः:संकटासन्नता तथा क्षमता विश्लेषण २०८० ,शहीदनगर नगरपालिका, धनुषा)**

## १.३ योजनाको उद्देश्यः

यस योजनाको परिकल्पना शहीदनगरनगरपालिकालाई विपद् जोखिमयुक्त रुपमा स्थापित गर्ने रहेको छ । यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकासमा मूलप्रवाहीकरण गर्ने र गरीव तथा पिछडिएका वर्गको जीवनस्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्ने रहेको छ । यस योजनाको लक्ष्य भनेको विपद्बाट हुनेजनधनको क्षति तथा जोखिमलाई कम गर्ने साथै सहभागितामुलक प्रक्रियाबाट पहिचान गरिएका योजनाहरुलाई मुर्तरुप दिई पूर्वतयारीका कार्यहरु गरी विकास योजनामा मूलप्रवाहीकरण गर्ने र जीविकोपार्जनमा अभिवृद्धि गर्न विपद् जोखिम न्यूनिकरणका कार्यलाई विकास योजनाहरुमा मुलप्रवाहीकरण भएको सुनिश्चित गर्ने रहेको छ ।

## १.४ योजनाको आवश्यकता तथा महत्वः

प्राकृतिक प्रक्रिया वा बाह्य कारक तत्वहरू वा मानवजन्य क्रियाकलापले वायुमण्डलको बनोट तथा भू-उपयोगमा ल्याउने ठोस परिवर्तनका कारण जलवायु परिवर्तन हुने गर्दछ । प्रत्यक्ष या अप्रत्यक्ष रुपमा मानव कृयाकलापहरु जस्तैः बढ्दो औधोगिकिकरण, जीवाश्म इन्धनको अत्यधिक प्रयोग,अनियोजित शहरीकरण, वन विनास र वातावरणमैत्री प्राकृतिक स्रोतहरु र प्रविधिहरु प्रयोगमा कमी आदिका कारणले हरितगृह ग्याँसहरुको उत्सर्जनमा तिव्रता आएको तथ्य अकाट्य छ, जसले गर्दा जलवायु परिवर्तनको प्रत्यक्ष असरहरु जस्तै वायुमण्डलीय तापक्रममा वृद्धि, अनियमित वर्षा तथा मात्रामा

विषमता आदि देख्न सकिन्छ । यस्ता असरहरुले वर्षेनी नेपालमा बाढी, पहिरो, हिमपात, हावाहुरी, खडेरी, जंगली जनावर आतंक, असिना जस्ता घटनाहरु बढि मात्रामा दोहोरिरहेका छन् । यसले गर्दा प्राकृतिक स्रोत, जैविक विविधता र जीविकोपार्जनका श्रोत साधन माथि प्रत्यक्ष असर देखा पर्न थालेका छन्। साथै विगत केही वर्षयता देखिएका सुख्खा र वर्षामा अनियमितताले नेपालको आर्थिक विकासमा चुनौति खडा गर्न थालिसकेको छ । जलवायु परिवर्तनसँगै आएको अनिश्चितता एवं विषमतासँग जुध्ने स्थानीय उपायहरुको प्रभावकारीता कम हुँदै गईरहेको छ र आगामी दिनमा अझ असर बढ्नसक्ने देखिन्छ । जलवायु समानुकुलनका अवस्था सिर्जना गर्न स्थानीय अनुकुलन कार्ययोजनाका एकीकृत योजनाहरुलाई स्थानीय एवं राष्ट्रिय विकास योजना प्रक्रियाको उपयुक्त प्रवेश विन्दु पहिचान गरी समायोजन गर्नु आवश्यक पर्दछ । अझ जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला तथा बालबालिका, गरिब, विपन्न, महिला,वृद्धवृद्धाहरु, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक श्रोतमा आश्रीत समुदायहरु बढी प्रभावित हुन्छन भन्ने विभिन्न अध्ययनहरुले प्रष्ट पारिसकेका छन् । तसर्थ गरीबी र चेतनास्तर कमीका कारण प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा जलवायुजन्य विपत्तिहरुसँग जुधिरहेका शहीदनगर नगरपालिका बासीन्दालाई सोको असर कम गर्न र जीविकोपार्जनमा सुधार ल्याउन अनुकुलनका कार्ययोजना निर्माण गरी अन्य विषयगत, क्षेत्रगत एवं विकास प्रयासका योजनाहरुसँग एकीकृत गर्दै लैजानु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ । स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरी सफल र एकीकृत कार्यान्वयन र जलवायुजन्य जोखिमको असरलाई ध्यान दिई वडाका सबै घरधुरीहरुको अनुकुलन क्षमता अभिवृद्धि गर्नमा यस स्थानीय अनुकूलन योजनाको औचित्य रहनेछ ।

कृषि र पशुपालन नै जीवन निर्वाह गर्ने मुख्य स्रोत भएको यस नगरँपालिकाका वडाहरुमा अधिकांश घरधुरीहरु बाढी,आगलागि, जगली जनावरको आतंक (निलगाई, वनसुंगुर) शितलहर, हावाहुरी, महामारीजस्ता प्रकोपहरुकोजोखिमबाट प्रभावित भएको पाइन्छ । कृषि बालीमा लाग्ने फौजी किराले, बाली सुकाइदिने भएकोले यहाँका मकै वाली, धानवालीमा असर गरिरहेको छ ।

यसै सन्दर्भमा बढ्दै गएको जलवायुजन्य प्रकोपबाट परेको तथा पर्नसक्ने प्रतिकुल प्रभावबाट स्थानीय स्तरमा अनुकुलन क्षमता अभिवृद्धि गर्न स्थानीय अनुकुलन योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ ।

विपद्को अवस्थामा प्रभावकारी मानवीय सहायताउपलब्ध गराउन तथा भावि विपद्को जोखिम कम गर्नको लागि विपद् जोखिम न्यूनिकरण तथा जलवायु उत्थानशील योजनाको आवश्यकता पर्दछ । विशेष गरि मानवीय सहायता सुनिश्चित गराउन विपद् जोखिम न्यूनिकरणमा समुदायको सहभागिता बढाउन र विकासका गतिविधिहरुमा विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरुलाई मूलप्रवाहीकरण गर्न र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न यस योजनाले मार्गनिर्देश गर्दछ, साथै स्थानीय तहलाई स्रोतको सहि पहिचान तथा परिचालन गर्न जवाफदेहि र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । माथि उल्लेखित आवश्यकतालाई महसुस गर्दै यस शहीदनगर नगरपालिकामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानविय सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन यो विपद् तथा जलवायु उत्थानशील योजना तयार पारिएको छ । यस योजना ह्यावटियाट फर हयुमनिटि(Habitat for Humanity)को आर्थिक सहयोगमा सामुदायिक उत्थान

केन्द्रको प्राविधीक सहयोगमा शहीदनगर नगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सघसस्था र स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको संयुक्त प्रयासबाट यो योजना निर्माण गरिएको छ । विशेष गरि विपद् पुर्व, विपद्को समय र विपद् पश्चातका कार्यहरु गर्न योजनाले सहयोग गर्दछ । जस अन्तर्गत निम्न बुदाँहरु प्रमुख रुपमा लिन सकिन्छ ।

- विपद्व्यवस्थापनका लागि सरोकारवालाहरुसँग सम्बन्ध विस्तारमा सहयोग पुरयाउँछ मानविय, आर्थिक तथा अन्य श्रोत साधन पहिचान एवं संकलनमा मद्धत गर्दछ ।
- संकटाभिमुखता न्यूनीकरण गर्न आधार तयार गर्छ ।
- पूर्वसावधानी अपनाई प्रकोप प्रभावित हुनसक्ने ठाउँका मानिसलाई सुरक्षित स्थानमा लैजान पुर्वतयारीको खाका तयार हुनेछ ।
- विपद्को समयमा उद्धार गर्न चाहिने वस्तुको जोहो गर्न ,हराएका मानिसहरुको खोजी गर्न र राहतका क्रियाकलापहरु अघि बढाउन सामुहिक सक्रियता बढाउँछ ।
- विपद् प्रभावितहरुको लागि तुरुन्तै आवश्यक पर्ने उपचार, खाने बस्ने, लगाउने व्यवस्थाका लागि पूर्वतयारी योजना बन्छ ।
- पुनःस्थापना र पुनर्निमार्णका काममा टेवा पुरयाउँछ ।
- योजनामा जीविकोपार्जन सुधारका क्रियाकलापहरु पहिचान भएको हुदा यसले गरिवि निवारण, प्राकृतिक सम्पदा संरक्षण तथा व्यवस्थापनमा समेता मद्धत पुरयाउँछ ।
- विपद्को समयमा समाजमा उत्पन्न हुनसक्ने हिंसा लगायत अन्य अवाञ्छित गतिविधिहरु नियन्त्रण गर्न सहयोग पुरयाउँछ ।
- आश्रयस्थलको पहिचान र व्यवस्थापनमा मद्धत पुरयाउँछ ।
- विपद् कोषको व्यवस्थापन गर्न सहयोग पुरयाउँछ ।

स्थानीय स्तरमा उपलब्ध जानकारी, विगतका घटनाका अनुभवहरु तथा स्थानीय समुदाय र सरोकारवालाहरुको विपद् व्यवस्थापन सम्बन्धमा भएका ज्ञान, सिकाई, र बुझाईमा आधारित रही यो योजना तयार गरिएको छ । यो योजना तर्जुमा कार्यमा नगरपालिकाका सबै वडाहरुमा सहभागितामुलक संकटाभिमुखता तथा अनुकुलन क्षमता विश्लेषण निर्माण गरिएको भएता पनि संख्यात्मक सिमितताले गर्दा प्रशस्त अनुभवहरु समेट्न सकिएको छैन । योजना कार्यान्वयनको सन्दर्भमा बजार मूल्यमा फेरबदल हुने हुदा योजनामा अनुमानित बजेट उल्लेख गरिएको छ । समय, श्रोत साधनको सिमितताले गर्दा योजना निर्माणमा अपनाउनु पर्ने सम्पूर्ण विधिहरु अवलम्बन गरी निर्माणका साथै आवश्यक सूचनाका लागि बहुपक्षिय सुचना संकलन गर्ने प्रयास गरिएको छ । योजनाको कार्यान्वयन गर्दा तत्कालिन समयमा उपलब्ध साधन, श्रोत र प्रविधिको आधारमा सम्भावित प्रकोपहरु र तिनका व्यवस्थापनका क्रियाकलापहरुलाई आवश्यक सुधार र परिर्माजन गर्दै लैजानुपर्दछ ।

## १.५ योजनाको निर्माण प्रक्रिया विधिः

यो योजना तर्जुमा गर्दा तल उल्लेखित बिधि र प्रक्रियाहरु अपनाइएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका तर्जुमा निर्देशिका २०७४ को मस्यौदाका अनुसार यो योजना तर्जुमा गर्दा वडा र यो योजना अन्तर्गत बनाइएका गतिविधीहरुको कार्यान्वयनको लागि सम्बन्धित सरकारी निकायहरु, तथा दातृ निकायहरुबाट सहयोग मिल्ने अपेक्षा लिएको छ । नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम न्यूनीकरण २०६६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन योजना २०६८, यसको परिमार्जन मस्यौदा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । समुदायका सरोकारवाला निकायहरुसँगको अन्तरक्रिया, विगतमा भएको क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ।

मूख्यतयाः भूकम्प,बाढी,आगलागि, जंगली जनावरको आतंक, हावाहुरी शीतलहर, आदि विपद पूर्व, विपद्को समय र विपद् पश्चात गर्नुपर्ने कृयाकलाप, विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य तथा पुर्नलाभका गतिविधिहरु, तौरतरिका, जिम्मेवारी, र कार्य प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ । समुदायका प्रभावित तथा संकटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चितता हुने गरि समावेशी सहभागीतामुलक र यथार्थपरक बनाउन निम्नानुसारका प्रक्रियाहरु अवलम्बन गरिएका छन् ।




**चित्र न १ः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया**

### १.५.१ वडा स्तरिय सूचना संकलनः

वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्ने क्रममा अभिमुखीकरणमा सहभागी भएका सहभागीहरुबाट सहभागितामूलक रुपमा सूचनाको संकलन गरिएको थियो । जसमा विशेष गरेर सामाजिक र आर्थिक सुचनाहरु, सम्पन्नता स्तरीकरण, टोल स्तरमा हुने प्रकोपहरु र विपद्को ऐतिहासिक विवरण संकलन गरिएको थियो । साथै टोलहरुमा के काम कहाँ गर्ने भन्ने सवालमा पनि सूचना संकलन गरिएको थियो । उक्त सूचनालाई वडा स्तरिय विपद्व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन समेत गरि वडास्तरीय सूचना संकलन गरिएको थियो ।

### १.५.२ संकटासन्नता तथा क्षमता विश्लेषण :

समुदाय र वडाहरुको विपद् सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन गर्ने कार्य गरियो । संकटासन्नता तथा क्षमता विश्लेषण गर्ने विभिन्न औजारहरुको प्रयोग गरिएको थियो । जस अन्तर्गत सामाजिक श्रोत तथा प्रकोपको नक्सांकन, ऐतिहासिक तथ्यांक, प्रकोप स्तरीकरण, श्रोतको विश्लेषण, मौसमी पात्रो, समस्या वृक्ष विश्लेषण, संस्थागत विश्लेषण, प्रत्यक्ष अवलोकन तथा भेटघाट छलफल जस्तासंकटासन्नता क्षमता विश्लेषण(Vulnerability Capacity Assessment) औजारहरुको प्रयोग गरिएको थियो ।

### १.५.३ संकटासन्नता तथा क्षमता विश्लेषणको पुनरावलोकनः

अभिमुखीकरणमा सहभागी भएका सहभागीहरुले वडा वडामा गएर सहभागिमुलक रुपमा सूचनाको संकलन तथा संकटासन्नता क्षमता विश्लेषण तथा अनुकुलन क्षमता विश्लेषण गर्न विभिन्न औजारहरुको प्रयोग गरी आएको विवरणहरुको वडा स्तरिय विपद् व्यवस्थापन समितिमा छलफल तथा पुनरावलोकन गरिएको थियो तथा पुनरावलोकन कार्यक्रममा सहभागीहरुबाट आवश्यकता अनुसार विवरणहरु थपघट गरिएको थियो ।

### १.५.४ नगरपालिकाको योजना बैठकः

योजना निर्माण गर्नका लागि शहीदनगर नगरपालिकामा मिति २०८० वैशाख ३१ गते योजना बैठक संचालन गरिएको थियो । सहभागिहरुबाट सहभागितामुलक रुपमा विभिन्न प्रकोपको असरहरु कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद् पहिले के के कार्य गर्ने, विपद्भई हालेको अवस्थामा के के कार्यहरु गर्ने र विपद्पश्चात के के कार्य गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल तथा समुह कार्य गरिएको थियो ।

### १.५.५ नगरपालिकाको योजना खाका लेखन कार्यः

सहभागीबाट आएको सूचना र योजना बैठकमा गरिएका योजनाको आधारमा विपद् जोखिम व्यवस्थापन विज्ञ र विपद् व्यवस्थापन समितिको संयुक्त रुपमा योजना लेख्ने कार्य सम्पन्न भएको थियो ।

### १.५.६ योजनाको प्रस्तूती र सुझाव संकलन गोष्ठिः

खाकाको रुपमा तयार गरिएको योजनालाई पुनःनगरपालिकामा एक दिने गोष्ठिको आयोजना गरि छलफल गरिएको थियो । गोष्ठिका सहभागीहरुले योजनामा थप्नु पर्ने बुँदाहरु र आवश्यक सल्लाह सुझाव दिएका थिए । योजनाको अन्तिम लेखन कार्य र योजनाको तयारी नगरपालिका तथा वडा

स्तरिय विपद् व्यवस्थापन समिति तथा सहभागिहरुबाट आएको सुझावलाई पनि समेटेर विपद् तथा जलवायु उत्थानशील योजनाको तयारी कार्य मिति २०८०असार ५.मा सम्पन्न गरिएको थियो ।

## १.६ योजनाको कार्यान्वयन रणनितिः

योजना कार्यान्वयनको मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ । योजनाको प्रभावकारी कार्यान्वयन गर्ने नगरपालिकामा बसोबास गर्ने समुदायको सक्रिय सहभागिता तथा योगदानको लागि पहल गरिनेछ । नगरपालिका अर्न्तगत विभिन्न संघसंस्था तथा सरकारी कार्यालयहरु पनि रहने हुनाले तिनिहरुलाई पनि प्रत्यक्ष जिम्मेवारी लगायत अन्य विभिन्न क्रियाकलापहरुको कार्यान्वयनमा समेत परिचालन गरिनेछ । स्थानीय स्तरको योजना भएकोले यसलाई सम्पन्न गर्ने श्रोतको दृष्टिकोणले नगरपालिकाको सहयोगको

आवश्यकता पर्ने हुनाले सो को लागि परिषद्बाट पारित गरि प्रक्रियागत रूपले सिफारिस गरिनेछ । वर्तमान परिवेशलाई मध्यनजर गर्दा अन्तराष्ट्रिय चासो पनि वृद्धि हुदै गएको हुनाले श्रोतहरुको व्यवस्थापनका लागि विपद् ब्यवस्थापनको क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्थाहरु जनप्रतिनिधि, सरोकारवालाहरु, नेपाल रेडक्रस सोसाइटी, विभिन्न संघसस्थाहरु, प्रहरी संयन्त्रहरुसँग सहयोगको लागि पनि प्रयास गरिनेछ । योजनामा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयनमा श्रोत उपलब्धताले प्रत्यक्ष असर गर्ने हुनाले सबै क्रियाकलापहरु एकै समयमा सम्पन्न गर्न सम्भव नहुने हुँदा हरेक वर्ष सञ्चालन हुने स्थानीय तह, जिल्ला स्तरिय परिषद् र मधेश प्रदेश सरकारको योजनामा भएका क्रियाकलापहरु प्राथमिकताको आधारमा समावेश गर्दै समय सापेक्ष कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## १.७ योजनाको अनुगमन मूल्यांकन तथा पुनरावलोकनः

नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद्तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ । नगरस्तरमा गठित अनुगमन समितिले विपद् जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार नगरपालिकालाई सिफारिस गर्नेछ । विपद् जोखिम न्यूनिकरण सम्बन्धी विशिष्ट कार्यक्रमबाट नगरपालिका अन्तर्गत संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको लागि स्वीकृत गरिएका अनुगमन सूचकहरु बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नेछ । यस योजनाको विस्तृत पुनरावलोकन र परिमार्जन ५ वर्षको अवधिमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा गर्नेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकाय र संघीय मामिला स्थानीय विकास मन्त्रालयमा पेश गरिनेछ ।

# खण्ड २ : प्रकोप, संकटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण

शहीदनगर नगरपालिकामा विगतमा घटेका विपद्का घटनाका आधारमा प्रभाव पार्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना छनौट गरि स्तरीकरण गरिएको छ । नगरपालिकामा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र ति प्रकोपहरुले जनधनमा पुरयाएको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोप पहिचान गरी स्तरीकरण गरिएको छ । विभिन्न प्रकारका प्रकोपहरु जोखिमको रुपमा रहेका हुन्छन् । यसनगरपालिका अर्न्तगत रहेका वडाका समुदायहरु पनि विभिन्न प्रकारका जोखिममा रहेको पाइन्छ । नगरपालिकामा रहेका ९ वटा वडामा गरिएको प्रारम्भिक छलफलका आधारमा र नेपाल सरकारको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ (मस्यौदा) मा भएका औजार (जोडाजोडी स्तरीकरण)को प्रयोग गरि भूकम्प,बाढी,आगलागि, महामारी, हावाहुरी, शीतलहर, चट्याङ, सडक दुर्घटना,जंगली जनावरको आतंक, कृषि बालीमा लाग्ने रोग, मुख्य प्रकोपको रुपमा पाइएको छ । नगरपालिका स्तरमा पहिचान भएका प्रकोपहरुमा वडास्तरिय अनुसारले स्तरीकरण गरिएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्देशिका २०७४ अनुसार नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक भएकोले भूकम्पलाई स्तरीकरण गर्न नमिल्ने भएकोले यस नगरपालिकाको प्रकोपको स्तरीकरण गर्दा पहिलो प्राथमिकता प्रकोप मानेर स्तरीकरण गरिएको छ, जसलाई तालिका ४ मा देखाइएको छ । माथिको तालिकालाई विश्लेषण गर्दा बाढीले ९, आगलागीले ८,हावाहुरीले ७, महामारीले ले६ अंक प्राप्त गरि क्रमश पहिलो, दोश्रो, तेश्रो र चौथौ रुपमा रहेको छन् भने शीतलहरले४, कृषि बालीमा लाग्ने रोगले ३, जंगली जनावरले २र चट्याङले१ अंक प्राप्त गरि क्रमशः पाँचौ, छैठौ, सातौ आठौ र नवौ प्रकोपको रुपमा रहेका छन् ।

**तालिका५:प्रकोप स्तरिकरण**

| **प्रकोप** | **बाढी** | **आगलागि** | **हावाहुरी** | **महामारी** | **शीतलहर** | **कृषि बालीमा लाग्ने रोग** | **जंगली जनावरको को आतंक** | **सडक दुर्घटना** | **चट्याङ** |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| ऋागलागि | | | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि | आगलागि |
| हावाहुरी | | | | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी |
| महामारी | महामारी | | | | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| शीतलहर | | | | | | शीतलहर | शीतलहर | शीतलहर | शीतलहर |
| कृषि बालीमा लाग्ने रोग | | | | | | | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग | कृषि बालीमा लाग्ने रोग |
| जंगली जनावरको को आतंक | | | | | | | | जंगली जनावरको को आतंक | जंगली जनावरको को आतंक |
| सडक दुर्घटना | | | | | | | | | सडक दुर्घटना |
| चट्याङ | | | | | | | | | |
| **अंक** | ९ | ८ | ७ | ६ | ५ | ४ | ३ | २ | १ |
| **स्तर** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

## २.२ प्रकोप विश्लेषणः

प्रकोप विश्लेषणका औजारहरु सामाजिक श्रोत नक्साङंकन, संकटासन्नता तथा क्षमता पहिचात, समस्या वृक्ष विश्लेषण, धरातलिय हिंडाई, संस्थागत विश्लेषण, समुह छलफल, प्रत्यक्ष अवलोकनको प्रयोगबाट समग्ररुपमा आएको तथ्याङ्कलाई आधार मानेर प्रकोपको विश्लेषण गरिएको छ। नगरपालिकामा पहिचान भएका प्रकोपहरु उत्पन्न हुनुको मूल कारण र यसले समुदायमा पारेको प्रभावलाई तालिकाबद्ध गरिएको छ । यस प्रकोप विश्लेषणमा वडास्तरमा हुने प्रमुख प्रकोपको विश्लेषण गरि तालिका ६ मा प्रस्तुतगरिएको छ ।

**तालिका ६ : प्रकोप विश्लेषण**

| क्र स | प्रकोप | कारण | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|
| १ | भूकम्प | भू भर्ग भित्र रहेका ठूला प्लेटहरु एक आपसमा ठोकिएर | ठूलो जनधनको क्षति, पूर्वाधारहरुको क्षति, सामाजिक संरचनाहरुमा क्षति, आर्थिक तथा मानसिक असर | पूर्वतयारी, भवन आचारंसंहिता पालना गरि भूकम्प प्रतिरोधी भवन तथा पूर्वाधारहरु निर्माण गर्ने ।भूकम्पीय सचेतना सम्बन्धी सचेतना कार्यक्रम गर्ने । |
| २ | आगलागि | जनचेतनाको कमी, चोरी शिकारी, विद्युतीय सर्ट, ग्यास चुल्हो बाल्दा, ध्यान नदिदा | जनधनको क्षति | जनचेतना बढाउने, सूचना जारी गर्ने, जोखिमयुक्त क्षेत्रमा पानीको व्यवस्था तथा भण्डारण गर्ने ।<br>विद्युतीयउपकरण चलाउदा ध्यान दिने,चुल्होमा खाना पकाउदा सावधानीपूर्वक चलाउने, केटाकेटीले नभेट्ने ठाउँमा सलाई लाइटर राख्ने । |
| ३ | बाढी | अतिवृष्टि, जलवायु परिवर्तन, अत्यधिक वर्षा,<br>निर्माणभएको बाटोमा नाला नभएको कारण | जनधनको क्षति, अन्नबाली खेती योग्य जमिनमा क्षति, जमिन कटान हुनु | समयमा बाँध बाँध्ने वृक्षारोपण गर्ने, जोखिमयुक्त ठाउँबाट बस्ती सार्ने, जमिनको वर्गिकरण गर्ने, तटबन्ध निर्माण गर्ने। वृक्षारोपण गर्ने। बाटोको दुवैतिर दाया बाया पानी निकासको लागि नाला निर्माण गर्ने । |
| ४ | जंगली जनावरको आतंक (निलगाई, वन सुंगुर) | वस्ती नजिक जंगल हुनु, वन फडानी, जगलमा मानवीय हस्तक्षेप | खाद्यान्नर वालीमा असर, स्वास्थ्यमा प्रतिकुल असर, घाइते ,मृत्यु, | वनक्षेत्र र खेतवारीमा तारजाली लगाउने,चोरी निकास बन्देज लगाउने । जंगलीजनावरको आहारा व्यवस्थापन गर्ने । |
| ५ | कृषि बालीमा लाग्ने रोग | रासायनिक मल तथा किटनासक औषधीको अव्यवस्थित प्रयोग भएकोले | बालीनाली नष्ट,उत्पादत्कत्वमा ह्रास, | जैविक विषादीको प्रयोग गर्ने, माटो परिक्षण गरि बाली नाली लगाउने |
| ६ | हावाहुरी | सुख्खा मौसम , वनजंगल फडानी, कमजोर पूर्वाधार निर्माण , जलवायु परिवर्तन | घरका छानाहरु उडाउनु , बालीनालीहरु नष्ट गर्ने, रुख विरुवा खेतीपाती सबैलाइ तहस नहस गर्छ | चेतनामूलक कार्यलाई बढाउने, छानाहरुलाई बलियो तरिकाले राख्ने व्यवस्था गर्ने, घरको धुरी बलियो गरि बाँध्ने |
| ७ | महामारी | सरसफाई ध्यान नदिनेको कारण , दुषित पानी खाएको कारण | रोगी हुनु,आर्थिक अवस्था कमजोर हुनु | जचतेनामूलक कार्यक्रमहरु संचालन गर्ने, घरवरिपरि र नाला सरसफाई गर्ने |
| ८ | सडक दुर्घटना | साँघुरो बाटो, तिव्र गतिमा सवारी साधन चलाउनाले | मानविय क्षति, आर्थिक क्षति, मालसामानको क्षति | ट्राफिक चेतनामूलक कार्यक्रम गर्ने, गति सिमित गर्ने । मापसे चेक गर्ने, स्पीड ब्रेकर राख्ने, मिलाउने, ट्राफिक नियम सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमहरु गर्ने । |
| ९ | चट्याङ | जलवायु परिवर्तन हुनु | मानिसहरुको मृत्यु हुनु, बोटविरुवाहरुमा नोक्सानी हुने, आगलागि हुने | घरहरु बनाउँदा चट्याङले असर नगर्ने प्रविधिहरुको प्रयोग गर्ने, चट्याङ पर्ने जस्तो वातावरण देखिएमा खुल्ला ठाउँमा नवसी घरमा नै वस्ने, अर्थिगं गर्ने । |

## २.३ जलवायु परिवर्तन अवस्था विश्लेषण

### क) प्रकोप, मौसमी पात्रो र बाली पात्रो

यस शहीदनगरनगरपालिकाको स्थानीय स्तरमा मौसमी अवस्थामा आएको परिवर्तन बारे जानकारी हासिल गर्न मौसमी पात्रोको सहयोग लिन सकिन्छ ।स्थानीय स्तरमा भएको जलवायु परिवर्तनको अवस्थावारे जानकारी हासिल गर्न करिब ३० वर्ष पहिले र हालको मौसममा आएको फेरवदल बारे जानकारी लिईएको छ । यसवाट स्थानीय समुदायले मौसममा आएको फेरवदलसंगै कृषि खेतिमा हुने बदलावसँग कृषि खेतीमा हुने फेरबदलावबारे विश्लेषण गरी सोही अनुसार खेती प्रणाली अपनाउन सहयोग पु-याँउछ भने यस विधिवाट बारम्बार भै रहने प्रकोपहरुको समयसीमा बारे विश्लेषण गर्न सहयोग पुगी उक्त समय सीमामा पूर्व सचेतना अपनाउन यस विधिले मद्दत पुग्दछ। यस विधिको प्रयोगमा समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवीहरुसँग छलफल गरिएको थियो । यसै विधि प्रयोग गरी स्थानीय किसानद्वारा जलवायु परिवर्तनसँग अनुकुलित हुन अवलम्बन गरिएका प्रयासहरुको समेत जानकारी प्राप्त गरिएको थियो ।शहीदनगर नगरपालिका भित्र भएका प्रकोपहरु पहिले कुनकुन महिनामा हुन्थे र अहिले कुन कुन महिनामा हुन्छन् भनेर तलको प्रकोप पात्रोमा विश्लेषण गरिएको छ । यहाँ पहिले भन्नाले कम्तिमा ३० वर्ष पहिलेको समयलाई जनाउँदछ । भुकम्प आउने कुनै निश्चित समय वा अवस्था नभएको हुनाले पहिले र अहिले भूकम्पलाई बाह्रै महिनामा आउने गरी राखिएको छ भने बाढीको जोखिम पहिले भन्दा अहिले बढि अवधिको देखिएको छ भने, कृषि बालीमा लाग्ने रोग, जंगली जनावरको आंतक, र पशुमा  लाग्ने लगायतका प्रकोपहरुको जोखिम पहिले भन्दा अहिले बढी अवधिसम्म देखिएको छ । प्रकोप पात्रोको विस्तृत विवरण तालिका ७ मा उल्लेख गरिएको छ ।

**तालिका७ : प्रकोप पात्रो**

| ज्ञघ | | बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | पहिले | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ |
| | अहिले | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ | ++ |
| बाढी | पहिले | | | | x x | x x | | | | | | | |
| | अहिले | | | x x | x x | x x | | | | | | | |
| चटयाङ | पहिले | | ## | ## | ## | | | | | | | ## | ## |
| | अहिले | ## | ## | ## | | | | | | | | | ## |
| आगलागि | पहिले | ०० | ०० | | | | | | | | | ०० | ०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | ०० | ०० | | | | | | | | | ०० | ०० |
| खडेरी | पहिले | | | | | | | | | | | = | = |
| | अहिले | | | | | | | | | | | = | = |
| हवाहुरी | पहिले | √ √ | √√ | | | | | | | | | √√ | √√ |
| | अहिले | √ √ | √ √ | | | | | | | | | √ √ | √ √ |
| कृषि बालीमा लाग्ने राग | पहिले | | | | ↔ | ↔ | | | | | | ↔ | ↔ |
| | अहिले | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ | ↔ |
| जंगली जनावरको आतंक | पहिले | ≈ | ≈ | | | | | | | | | | |
| | अहिले | ≈ | ≈ | | | | | ≈ | ≈ | ≈ | ≈ | ≈ | ≈ |
| पशुमा लाग्ने रोग | पहिले | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● |
| | अहिले | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● | ●● |
| महामारी | पहिले | ▲ | ▲ | | | | | | | | | ▲ | ▲ |
| | ऋहिले | ▲ | ▲ | | | | | | | | | ▲ | ▲ |

तालिका ८ : मौसमीपात्रो

| विवरण | समय | वैशाख | जेष्ठ | अषाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा | | | | | | | | | | | | | | |
| मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |
| तापक्रम | | | | | | | | | | | | | | |
| जाडो दिन | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |

| विवरण | समय | वैशाख | जेष्ठ | असाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुन | चैत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्मी दिन | पहिले | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | |

### ख) वाली र वनस्पति पात्रो

वाली र वनस्पति पात्रो तयार गर्दा यस वडामा उत्पादन हुने प्रमुख २ वालीहरु, धान, र गहुँ, बाली लगाउने र भित्र्याउने समय पत्ता लगाउन समुदायबाट प्राप्त सूचनाको आधारमा विश्लेषण गरिएको छ । धानको विउँ लगाउने समय पहिले वैशाख र जेठ मा थियो भने हाल जेठ असारमा लगाइन्छ । धान काट्ने समय पहिले मंसीर, पौष थियो भने अहिले कार्तिक, मंसीर रहेको छ । त्यस्तै आँपको फुल फागुन चैत्रमा लाग्दथ्यो भने अहिले माघमा लाग्ने गर्दछ ।

**तालिका ९: वाली र वनस्पती पात्रो**

| बाली विवारण | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको विउँ लगाउने | ३० वर्ष पहिले | | | | | | | | | |
| | अहिले | | | | | | | | | |
| धान काट्ने | ३० वर्ष पहिले | | | | | | | | | |
| | अहिले | | | | | | | | | |
| गहुँ छर्ने | ३० वर्ष पहिले | | | | | | | | | |
| | अहिले | | | | | | | | | |
| गहुँ काट्ने | ३० वर्ष पहिले | | | | | | | | | |
| | अहिले | | | | | | | | | |
| विरुवा फुल लाग्ने आप) | ३० वर्ष पहिले | | | | | | | | | |
| | अहिले | | | | | | | | | |

## २.४ प्रकोप, जोखिम तथा सामाजिक श्रोत नक्साकंन र संकटासन्नता तथा क्षमता पहिचान

प्राप्त तथ्याङ्क विश्लेषणबाट जोखिम तथा सामाजिक श्रोत नक्सा तयार गरिएको छ । सहभागितामूलक तरिकाबाट तयार गरिएको यस नक्सामा प्रकोप, विपद् तथा जलवायुजन्य जोखिम स्थान र प्रभावित हुन सक्ने स्थान प्रस्तुत गरिएको छ । यस नगरपालिकामा बाढीको जोखिममा रहेको वडाहरुलाई प्रत्येक वडाको छुटाछुटै नक्सामा देखाइएको छ । यसैगरी सबै भन्दा बढी सुरक्षित स्थान, खुला स्थान, विद्यालय, प्रहरी चौकी, अस्पताल, मन्दिर, जोखिमयुक्त, सामुदायिक वन, नदि, खोला, नहर, मुल, पोखरी जस्ता स्थानलाई समेत नक्शामा देखाइएको छ ।नगरपालिकाको प्रकोप,जोखिम तथा सामाजिक श्रोत नक्सांकन र संकटासन्नता तथा क्षमता पहिचान अनुसुचीः६मा वडा अनुसार राखिएको छ ।

## २.४.१ वडा न१

### २.४.१.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी, आगलागिजस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, शितलहर, महामारी र खडेरी जस्ता प्रकोपहरुले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

### २.४.१.२ असरहरु

२०५६ सालमा कमला नदिमा आएको बाढीले वेमरखीको ६० घर,बैरियाटोलको १० घर चिरैयाको ३५ घर, लक्ष्मिपुर को ४० घर, सुन्दरपुरको ३५ घर, बहमासको ४० घर, बलाहनको ५०घरपूर्ण रुपमाक्षति भएको थियो। त्यस्तै वि स २०८० वैशाखमा आगलागिलेचिरैयाको २ घर पूर्ण रुपमा जलेको र करिव रु २ लाख रुपैयाबराबरको क्षति भएको थियो । त्यस्तै विस २०६२ सालमा शितलहरले कलारटोलको ५ जना, वेमरखीको २ जना, वैरिया टोलका १जना,चिरैयाको ३ जना प्रभावित भएकाथिए। त्यस्तै वि स २०७४ को हावाहुरीले१०५ घरधुरीको छानो उडाएको थियो ।वडा न १ माअत्यधिक वर्षाको कारण डुबान हुने गर्दछ । त्यस्तै विद्युततार सर्टको कारण, जथाभावी घुरान बालेको कारण पनि आगलागिका घट्नाहरु बढिरहेका छन् ।कमला नदिमा बाढी आएमा टेनाको १५० घर डुबानमा पर्ने सम्भावना देखिन्छ ।२०६२ सालको शीतलहरले १२ घर प्रभावित र २ जनाको मृत्यु भएको थियो।

### २.४.१.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरु

माथी उल्लेखित प्रकोपहरुको जोखिम न्यूनिकरणका लागी देहाय बमोजिमका उपायहरु गर्नु सकिन्छ ा

कमला नदिमा तटबन्ध निर्माण गरिएता पनि बेलाबखततटबन्ध अवलोकन गर्नुपर्ने देखिन्छ । तटबन्धको अवस्था हेरेर निर्माण गर्नुपर्ने भएकोले तटबन्ध निर्माण गरि टेनाको १५० घरधुरी जोगाउन सकिन्छ ।वर्षाको पानी निकास नभई यस वडाकावस्तीहरु डुवानमा हुने भएकोले नालासहितको बाटो निर्माण गर्ने । महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने । वडामा रहेका खुला स्थान, खेलमैदान, विद्यालय चौर)हरुको पहिचान गरी सुरक्षित स्थानको रुपमा प्रयोग गर्ने गरी व्यवस्थापन गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई विपद्को समयमा परिचालन गरि विभिन्न संघसंस्थाहरुसँग समन्वय सहकार्य गर्ने गरि जनचतेनामूलक कार्यक्रम गर्ने । विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माण गर्ने । खोज तथा उद्धार सामग्रीहरुको भण्डारण गरी व्यवस्थापन गर्ने । पूर्वसुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रसँग जोड्ने स्थानीय युवाहरुको विभिन्न कार्यदल जस्तै प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार र आवश्यकता पहिचान कार्यदल गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने ।आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन समितीमा पनि कोष राख्ने ब्यवस्था मिलाउने ।शीतलहरबाट बच्नकोलागि न्यानो कपडाको व्यवस्था तथा प्रशस्त झोलीलो खानेकुराको व्यवस्था गर्ने । विद्यूतीय तारमा कभर लगाई आगलागिको जोखिम घटाउने। सिँचाइको व्यवस्थापन गर्न बोरिगंको व्यवस्था गर्ने, चट्याङबाट बच्नको लागिचट्याङ पर्ने समयमा tv, mobile , radioजस्ता उपकरणहरु बन्द गर्ने ।

## २.४.२ वडा न २

**२.४.२.१ प्रमुख प्रकोपहरु**

यस वडामा भूकम्प, बाढी, आगलागि जस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी, महामारी (कोरोनाभाडापखाला) शितलहर,जस्ता प्रकोपहरुले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

**२.४.२.२ असरहरु**

यस वडामा वि.स. २०७२ सालको .भूकम्पले नाथपटी टोलको घरकोवाल चिरा परेको, केही मानिसहरु घाइते भएका थिए ।उक्त भूकम्पले करिव रु १ लाख ५० हजार जतिको क्षति भएकोछ ।वि स२०५२ मा ननुपटी टोलको१०घरमा आगलागि भएकोरअन्न, कपडाहरुजलेको थियो ।

त्यस्तै २०७४ साल चैत्रमाआगलागिले नाथपटी, विस्लोरा, डुमरिया टोलका घर, परालको टाली जलेको, रु १ लाख ५० हजार जति क्षति भएको थियो ।त्यस्तै २०६८ सालको वैशाखमा आएको हावाहुरीले २००घरको छानो उडाएको, रुख घरमाथि ढलेको, रु ५ लाख बराबरको क्षति भएको थियो । त्यस्तै २०६४ सालमा आएको बाढीको कारण डुमरिया गाउँ डुवान भएको । गाईवस्तुहरु बगाएको, चोरी लुटपाट भएकोकरिव रु ३० लाखबराबरको क्षति भएको थियो ।उक्त सालमा आएको बाढीबाट ८ जनाको मृत्यु भएको । अत्यधिक वर्षा भएपछि हरेक वर्षकमला नदिबाट आएको पानी चोरकायरटोलमा अवस्थित बछराजा नदि (काजी पैनी) मा मिसिएर आएको बाढीले खेतीयोग्य जमिन बालुबाले भरिएको थियो ।त्यस्तै कोरोना महामारीबाट सन् २०१९ मा सबै टोल नै प्रभावित भएको थियो ।बछाराजा नदि ( काजी पैनी) मा फाटक नभएको कारण विशेष गरेर वर्षातको मौसममा पानी भरिएर आवत जावत गर्न कठिनाई पर्दछ । फाटकले पानी जम्मा गर्छ, र पानी बढि भएमा फाटक खोलिन्छ । तर गएको वर्ष २०७९ सालमा आएको बाढीले दुवै तिरकोवाल र ह्युम्प पाइप भत्काएको थियो ।

**२.४.२.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरु**

चोरकायरटोलमारहेकोबछराजा नदि भत्केको कारणबस्तीमा पानी पसेकोले उक्त बाढीको जोखिम न्यूनीकरणका लागि नदिको दाया बाया १०० मीटरको तारजाली सहितको वाल निर्माण गर्ने, तर उक्त स्थानमा वर्षातको समयमा उक्त नदिमा बाढी आई आवतजात गर्न कठिनाइ पर्ने भएकाले त्यस ठाउँमा पुल निर्माण गर्नुपर्ने पनि देखिन्छ । बछाराजा नदिको दाया बाया १०० मिटरजति वाल बनाउन सके फाटक जोगाउन सकिन्छ ।यस वडामा खेतीपाती गर्न सिचाइको लागि बछाराजा नदिमा भएको पानीबाट सिंचाइ गरिन्छ । तर उक्त पानी सिचाई गर्न पर्याप्त नभएकोले ३ वटा ठूलो बोरिगं चाहिन्छ ।

स्थानीय रैथाने जातका विरुवा (बाँस, खरौरी, चीगर) रोप्ने कार्य गर्ने । महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने । वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ ।

त्यस्तै समुदायको क्षमता बढाउने खालका क्रियाकलापहरु संचालन गर्नुपर्नेदेखिन्छ । भूकम्पको जोखिम न्यूनीकरणका लागि टोलमा भूकम्पीय सचेतना कार्यक्रमहरुगर्ने, भवन आचार संहिता पालना सम्बन्धी मापदण्ड नगरपालिकाले पालना गर्ने,आगलागिबाट बच्नका लागि जनचेतनामुलक कार्यक्रम गर्ने ।

विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरिजनचतेनामूलक कार्यक्रम गर्ने, विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपांङ्ग मैत्री र बालमैत्री संरचना निर्माण गर्नै, तर निकट भविष्यमा भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने, खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गर्ने, पूर्वसुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल ( प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने । पूर्वतयारीको लागि एम्बुलेन्स, दमकल लगायतका सवारी साधनहरु तयारी अवस्थामा राख्ने । ढुँगा, टयुवको व्यवस्थापन गर्ने । नेपाली सेना, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी सँग मिलेर बेलाबखत बाढी पुर्वतयारी कृत्रिम अभ्यास गर्नुपर्छ ।आपत विपद्को समयमा नजिक रहेको खुला चौरमा हेलिकप्टर राख्न सकिन्छ । तसर्स सुख्खा सहने तथा बाढी सहने बालीहरु लगाउने गर्नुपर्दछ । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।

## २.४.३ वडा न ३

### २.४.३.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी,आगलागि, ंजंगली जनावरको आतंक (नीलगाई,वनसुंगुर) जस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ भने महामारी, शीतलहर, हावाहुरीजस्ता प्रकोपहरुले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

### २.४.३.२ असरहरु

यस वडामा कमला नदिमा आउने पानीको वहाव अनियन्त्रित भई कमलानहरमा जान्छ । उत्तर दिशामा अवस्थीत महेन्द्रराजमार्गबाट आएको कमला नदि सबेला जाने बाटोको पुल देखि पुर्व गोठकोयलपुरको खेतीयोग्य जमिन हरेक वर्ष डुवान भइरहेको हुन्छ । त्यस्तै जथाभावी रुपमा आगोजन्य वस्तुको प्रयोग गर्नाको कारण आगलागिका घटनाहरु हुने गरेका छन् । यसैगरि असन्तुलितभोजन तथा सरसफाईको कमीको कारण महामारीको प्रकोप बढेको देखिन्छ ।कमला नदिमाबाढी आएको समयमा पानी निकास नहुनुको कारण बाढीको समयमा पानी जम्ने समस्या रहेका देखिन्छ । यसबाट पठन पाठन अवरुद्ध हुनुको साथै स्वास्थ्यमा असर परेको छ ।

यस वडामा विगतको वर्ष २०७९ को कोरोना महामारीको कारण आर्थिक रुपमा रु २लाख ५० हजार जति खर्च भएको, र २जना मानिसको मृत्यु भएको थियो । त्यस्तै कमला नदीमा आएको बाढीको कारण हौवारीका ६ वर्षको बच्चा मृत्यु भएको थियो । त्यस्तै शीतलहरबाट प्रत्येक वर्ष जनजीवन सँगै ॅखेती बाली पनि प्रभावित पुरयाइरहेको छ र वार्षिक रुपमा हरेक वर्ष रु १० लाख बराबरको क्षति पुगेको देखिन्छ ।

### २.४.३.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरु

कमला नदिको पानीलाई नहर कुलो मार्फत सिंचाई योग्य जमिनमा पुरयाउने, कमला नदिको छेउमा तटबन्ध निर्माण गर्ने,भूईचालो सम्बन्धी टोल टोलमा जनचेतनामूलक कार्यक्रम गर्ने.।पानी निकास तथा सिंचाइको लागि कुलो तथा नहरको व्यवस्था गर्नुपर्ने देखिन्छ । कमला.नदिको किनारमास्थानीय रैथाने जातका विरुवा (बाँस, खरौरी, चीगर) रोप्ने कार्य गर्ने । महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने। बहुप्रकोपको

जोखिम न्यूनिकरण गर्नको लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । यस वडामा अवस्थित शहीदनगर नगरपालिका नजिक रहेकोले खोज तथा उद्धारका सामग्रीहरु नगरपालिकामा राखिएको छ ।विपद् व्यवस्थापनको लागि वडामा कोष छुट्टाईएको छ । आपतकालिन अवस्थामा वडा न ३ नजिक रहेकोखुला क्षेत्र ५ विगाहा क्षेत्रफल फैलिएको खेल मैदानमा हेलीप्याड राख्न सकिन्छ । राहत प्योकजहरुलाई पूर्वतयारीका साथ राख्ने, घर निर्माण गर्दा मापदण्ड अनुसार निर्माण गर्ने। पर्याप्त पानी नभएको कारण खेतीपाती गर्ने सिंचाइको लागि बोरिगंको व्यवस्था गर्नुपर्ने देखिन्छ ।बालबालिकाले नभेट्ने ठाउँमा आगोजन्य वस्तुहरु राख्ने, मानिसको वस्तीको वरिपरि पराल, पतझर लगायत छिटो आगो फैलने वस्तुहरु नराख्ने, नाला सरसफाई गर्ने, चुरोट, खैनी, सुर्ती प्रयोग गर्ने व्यक्तिहरुलाई चेतना जगाई त्यस्ता व्यक्तिहरुलाई त्यस्ता किसिमका पर्दाथ सेवनमा रोक लगाउने, त्यस्तै शीतलहरको जोखिम कम गर्नको लागि आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई न्यानो कपडा वितरण गर्ने। पालिकाले उक्त समयलाई मध्यनजर गरि निति तथा कार्यक्रम निर्माण गर्ने ।

त्यस्तै महामारीको जोखिम कम गर्न बजारहरुमा पाइने खाद्यवस्तुहरुको गुणस्तर मापन गरेर मात्र उपभोग गर्ने ।सफा पानी तथा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने, प्राथमिक उपचारका सामग्रीको व्यवस्थापन गर्ने । हरेक वडामा एउटा स्वास्थ्य चौकी निर्माण गर्ने ।

मानिसको वस्ती वडामा रहेका खुला स्थान खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने, विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास गर्ने, अपांङ्गमैत्री र बालमैत्री संरचना निर्माण गर्ने ।निकट भविष्यमा भवन आचारसंहिता पालना गर्ने योजना रहेको छ ।पूर्वसुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्राउ कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने। पूर्वतयारीको लागि एम्बुलेन्स, दमकल लगायतका सवारी साधनहरु तयारी अवस्थामा राख्ने । सुकेको पोखरी वरिपरि वृक्षारोपण गर्ने, डुँगा, ट्युवको व्यवस्थापन गर्ने । नेपाली सेना, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी सँग मिलेर बेलाबखत बाढी पुर्वतयारी कृत्रिम अभ्यास गर्नुपर्छ ।

## २.४.४ वडा न ४

### २.४.४.१ प्रमुख प्रकोपहरुः

यस वडामा भूकम्प, बाढी,आगलागि, जस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ, भने महामारी, शीतलहर, हावाहुरी, कृषि बालीमा लाग्ने रोग, पशुमा लाग्ने रोग जस्ता प्रकोपहरुले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

### २.४.४..२ असरहरु

वि स २०५७ सालको आगलागिबाट ननुपटी गाविसका १० घरको अनाज, कपडाहरुसबै जलेको यियो र करिब आर्थिक रु ८ लाख रुपैया बराबरको क्षति भएको थियो । त्यस्तै सडक दुर्घटनाबाट २०७९ साल मंसिरमा झिटकैया गाउँमा ४ जना वाइक सवार सडक दुर्घटना परि ३ जना घाइते र १ जनाको मृत्यु

भएको थियो । कमला नहरको कारण.ननुपटीटोल र महुलिया टोलको १५ घरधुरी डुवानमा पर्दछ ।भुस खोलाले मोलुवा टोलको १० घर जोखिममा रहेको छ ।

**२. ४.४.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरुः**

कमलानहर सफा राख्ने, तटबन्ध निर्माण गर्ने र बाटो निर्माण गर्दा दाया बाया नाला निमाण गर्ने कार्य गर्ने। महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने । बहुप्रकोपको जोखिम न्यूनीकरण गर्नको लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । यस वडामा अवस्थित शहिदनगर नगरपालिका नजिक रहेकोले खोज तथा उद्धारका सामग्रीहरु नगरपालिकामा राखिएको छ । विपद् व्यवस्थापनको लागि वडामा ५ लाख रुपैया छुट्टाईएको छ । आपतकालिन अवस्थामा वडा  कार्यालय नजिक रहेको चौतारी नजिक रहेको खुला स्थानमा हेलीप्याड राख्न सकिन्छ । राहत प्योकजहरुलाई पूर्वतयारीका साथ राख्ने, घर निर्माण गर्दा मापदण्ड अनुसार निर्माण गर्ने । पर्याप्त पानीको नभएको कारण खेतीपाती गर्ने सिंचाइको लागि बोरिगंको व्यवस्था ्गर्नुपर्ने देखिन्छ । बालबालिकाले नभेट्ने ठाउँमा आगोजन्य वस्तुहरु राख्ने, मानिसको वस्तीको वरिपरि पराल, पतझर लगायत छिटो आगो फैलने वस्तुहरु नराख्ने, नाला सरसफाई गर्ने, चुरोट खैनी सुर्ती प्रयोग गर्ने व्यक्तिहरुलाई चेतना जगाई त्यस्ता व्यक्तिहरुलाई त्यस्ता किसिमका पर्दाथ सेवनमा रोक लगाउने, त्यस्तै शीतलहरको जोखिम कम गर्नको लागि आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई न्यानो कपडा वितरण गर्ने । पालिकाले उक्त समयलाई मध्यनजर गरि निति तथा कार्यक्रम निर्माण गर्ने । त्यस्तै महामारीको जोखिम कम गर्न बजारहरुमा पाइने खाद्यवस्तुहरुको गुणस्तर मापन गरेर मात्र उपभोग गर्ने । सफा पानी तथा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने, प्राथमिक उपचारका सामाग्रीको व्यवस्थापन गर्ने  । हरेक वडामा एउटा स्वास्थ्य चौकी निर्माण गर्ने ।

मानिसको वस्ती वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने, विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास गर्ने, अपांङ्ग मैत्री र बालमैत्री संरचना निर्माण गर्ने । निकट भविष्यमा भवन आचार संहिता पालना गर्ने योजना रहेको छ ।  पूर्वसुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्राउ कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने । पूर्वतयारीको लागि एम्बुलेन्स, दमकल लगायतका सवारी साधनहरु तयारी अवस्थामा राख्ने । सुकेको पोखरी वरिपरि वृक्षारोपण गर्ने, डुँगा, ट्युवको व्यवस्थापन गर्ने । नेपाली सेना, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी सँग मिलेर बेलाबखत बाढी पुर्वतयारी कृत्रिम अभ्यास गर्नुपर्छ ।

## २.४.५ वडा न ५

### २.४.५.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी जस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ भने शीतलहर, महामारी( हैजा), तातो हावा(लु), हावाहुरी कृषि बालीमा लाग्ने रोगजस्ता प्रकोपहरुले न्यून मात्रामा प्रभाव पारेका पाइन्छ ।

**२.४.५.२ असरहरु**

वि स २०७७ साल असारमा विमला.नदिमा आएको बाढीले सिमरापटी, पचहर्वा, कटी, विर्ता र मिसरपटी मा दलहन वाली नष्ट,.९० .विगाहा.खेत पुरिएको, ४०.घर भत्केको थियो र रु ५० लाख बराबरकोआर्थिकक्षति भएको थियो। त्यस्तै २०६७ साल पुष र माघ महिनामा शितलहरबाट वडा न५ मा१००.विगाहामा लगाएको दलहनवाली नष्ट भएको थियो ।त्यस्तै वि स २०५५ सालमा आएको महामारी (हैजा) को कारण वडा न ५ का सबै टोलहरु प्रभावित भएको थियो । सिमरापटीमा विद्यालय छ र विमला नदिमा आएको बाढीले विद्यालय डुवानमा पर्छ ।उक्त टोलमापानी १५ दिन सम्म रहन्छ । बाटो आवतजात गर्न कठिनाई पर्छ ।

**२.४.५.३ प्रकोप जोखिम न्यूनिकरणका उपायहरुः**

- खेती योग्य जमीन बचाउनका लागि व्यवस्थित बाटोको दुवैतिर दाया बाया नालाको व्यवस्था गर्ने,तथा बनेकालाई मर्मत संभार गर्ने, गाउँ टोलमा पनि बाटो ढलान मात्र नभई व्यवस्थित नाला सहितको बाटो निर्माण गर्ने ।..विमला नदिलाई तटबन्ध गरी विद्यालयमा पानी पस्नबाट बचाउने ।
- स्थानीय रैथाने जातका विरुवा (बाँस, खरि ) हरु रोप्ने कार्य गर्ने । महत्वपूर्ण टेलिफोन नम्बरहरु राख्ने, वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । समितिको क्षमता अभिवृद्धि गर्ने ।
- बाढीबाट बच्नका लागि वा मानवीय क्षति हुन नदिन जनचेतनामूलक कार्यक्रम तथा खोज तथा उद्दार सामग्रीको व्यवस्थापन गर्ने ।विशेषगरी गर्भवती,बच्चा, सुत्केरी, किशोर, किशोरीहरुलाई थप खाना तथा औषधी तथा उपचारको पहुँचको व्यवस्था गर्ने, खोज तथा उद्दार टोली गठन गरि क्षमता अभिवृद्धि गर्ने र बेला बेला बाढी पुर्वतयारीको कृत्रिम अभ्यास गर्ने । घर बनाउँदा सरकारले तोकेको वमोजिमको मापदण्डमा घर निर्माण गर्ने,मानवीय घटनाक्रम कम गर्न विपद् व्यवस्थापन टोली तयार गर्ने,भुइँचालो सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरगर्ने, महामारीबाट बच्नको लागि शुद, सफा खाना र पानीको प्रयोग गर्ने।उत्पन्न महामारीको प्रकृती हेरी आवश्यक इमरजेन्सी किट पूर्वतयारी अवस्थामा राख्ने ।
- जनचेतनामूलक कार्यक्रम तथा प्रर्दशनी गर्ने, व्यक्तिगत सरसफाई गरी घर वरिपरीको सरसफाई गर्ने । सलाई लाईटर बच्चाहरुको पहुँचबाट टाढा राख्ने । आगलागिबाट बच्ने विषय सम्बन्धी जनचतेनामूलक कार्यक्रम संचालन गर्ने, हावाहुरीको मौसममा खाना पकाए पछि राम्रो सँग आगो निभाउने । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने । विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास संचालन गर्ने, अपाङ्ग मैत्री, बालमैत्री संरचना निर्माण गर्ने। खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गर्ने, पूर्वसूचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्रा उ कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने। भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।

## २.४.६ वडा न ६

### २.४.६.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी,आगलागि,जस्ता प्रकोपहरुले उच्च मात्रामा प्रभाव पारेको छ, भने महामारी र हावाहुरी जस्ता प्रकोपहरुलेन्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

### २.४.६.२ असरहरु

- वि स२०७३ साल श्रावणमा अत्यधिक वर्षाको कारणयस वडाको हठिपुरमा रहेको कमला नहर मा आएको बाढीको कारण उक्त नहरबाट ५० मिटर पर रहेको विद्यालय डुवान र बाढीले हरवारा र हठिपुर टोलमा रहेको खेतीयोग्य बालीनाली नष्टभएको थियो । ....
- वि स २०७९ साल चैत्र महिनामा यस वडामारहेको हरवाडा टोलमा आगलागीबाट २ थान दराज २ थान ढोका, २ थान झ्याल पूर्ण रुपमा र १ वटा भैसी जलेको, करिब २ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो । त्यस्तै विस २०७२ साल वैशाख १२ गते गएको भूकम्पले हरवरा टोलको १५ घरआँशिक रुपमा भत्केको, सरसामान चोरी तथा लुटपाट भएर करिब रु १८ लाख रुपैया बराबरको आर्थिक क्षति भएको थियो ।त्यस्तै २०७९ सालमा अनअपेक्षित रुपमा पानीको बहाव बढेको,वर्षाको पानी जम्नु,कमला नहरको पानी बढि हुनु र व्यवस्थित सानो कुलो नहनुका कारण वर्षाको समयमा घर तथा खेतीयोग्य जमिन डुवान हुने गरेको छ । दुषित खानेपानीर सरसफाईको कारण महामारी रोग देखा परेको छ । विस २०७९ सालमा.कमला नहरमा बाढीले हरबारा टोलको ५०घरहरु डुवान परि भत्केको, करिव रु ५ लाख बराबरको क्षति भएको थियो ।त्यस्तै विस २०८० साल वैशाखमा आएको हावाहुरीले ६०घरको छाप्रो उडेको, रुखहरु ढलेका थियो । गाउँघरमा लापरवाहीको कारण, असावधानी रुपमा सलाई लाईटरको प्रयोग र विद्युतीय सर्टको कारण आगलागिका घट्नाहरु बढेको पाइन्छ ।

### २.४.६.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरुः

हठिपुरको पासवान वस्तीको पानी निकास नहुनुको कारण डुवान हुने भएकोले हरवारादेखि हठिपुर सम्म २ किमी तटबन्ध निर्माण गर्ने । गाउँ टोलमा पनि बाटो ढलान मात्र नभई व्यवस्थित नाला सहितको बाटो निर्माणगर्ने। कमला.नहरमा तटबन्ध निर्माण गरी विद्यालयमा पानी पस्नबाट बचाउने । नहर सफा राख्ने, र डाइभर्सन गरेर मात्र साना साना नहरमा जोड्ने ।

उत्पन्न महामारीको प्रकृती हेरी आवश्यक इमरजेन्सी किटको पूर्वतयारीगरी राख्ने । बाढीबाट बच्नका लागि वा मानवीय क्षति हुन नदिन जनचेतनामूलक कार्यक्रम र खोज तथा उद्दार सामग्रीको व्यवस्थापन गर्ने।विशेषगरी गर्भवती,बच्चा, सुत्केरी, किशोर, किशोरीहरुकोलागि विशेष खाना तथा औषधी तयारी अवस्थामा राख्ने ।वडामा रहेका खुला स्थान खेलमैदान, विद्यालय चौरहरुको पहिचान गर्ने ।वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ ।

विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरुसँग समन्वय सहकार्य गरिजनचतेनामूलक कार्यक्रम गर्ने, विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माण, भवन आचार संहिता पालना गर्ने, खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापनगर्ने,पूर्वसुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्राउ कार्यदल, खोज तथा उद्धार,

आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालनगर्ने। भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।

## २.४.७वडा न ७

### २.४.७.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी, आगलागि, उच्च मात्रामा हुने गरेका छन् भने हावाहुरी, शीतलहर,महामारी जस्ता प्रकोपहरु न्यूनमात्रामा हुने गरेको छ ।

### २.४.७.२ असर

२०७० साल श्रावणमाअत्यधिक वर्षाको कारण.काजीपैनीको पानी बढेर बाढीले ५० घर पूर्ण रुपमा डुवान भई भत्केको, १० जना मानिस घाइते भएका थिए। खेतीयोग्य जमिन कटान, १३ लाख ५० हजार रुपैया बराबरको क्षति भएको थियो । त्यस्तै २०७२ सालको भूकम्पले नेमुवा टोल धवौली १३ वटा घर भत्केको १० वटा घरको छानो खसेको, र रु १५ लाख बराबरको आर्थिक क्षति भएको थियो । बाढीको कारण काजीपैनीको पानी भरिएर धवौली र यादव टोल प्रभावित भएको जसमा ५० घर यादव टोलको र धवौलीको २०० घर जोखिममा रहेको थियो । खास गरि यहा पानी जमेर पानी निकास नहुनुको कारण धवौली टोलको १०० घर प्रभावित भएको छ । त्यस्तै बाटोको दाया बाया नाला नभएको कारण वस्ती डुवानमा भएको छ ।

### २.४.७.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरु

बाढीको जोखिम कम गर्नकालागि तारा टोलबाट नेमुबा टोलसम्म रहेको काजीपैनी नजिक तटबन्ध निर्माण गर्ने । वर्षातको पानी जमेर डुवान हुने भएकोले दुर्गाचौक धवौली देखि मेनरोड सम्मदुवैतिर दाया बाया नाला सहितको बाटोनिर्माण गर्ने । खेतीपातीको सिंचाईको लागि बोरिगंको व्यवस्था गर्ने । जथाभावि आगो (घुरान) नबाल्ने केटाकेटीबाट सलाई लाईटर पर राख्ने । चुरोट,विडीको टुक्रा जथाभावी नफाल्ने । वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने । विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपाङ्मैत्री र बालमैत्री संरचना निर्माण गर्ने, खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गर्ने, पूर्व सुचना प्रणालीलाई स्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्रा उ कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने ।भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।

## २.४.८ वडा ८

### २.४.८.१ प्रमुख प्रकोपहरु

यस वडामा भूकम्प, बाढी, आगलागि ,महामारी(झाडापखाला, कोराना) जस्ता प्रकोपहरुलेउच्च मात्रामा प्रभाव पारेको छ भने हावाहुरी प्रकोपले न्यून मात्रामा प्रभाव पारेको पाइन्छ ।

### २.४.८.२ असरहरु

यस शहिदनगर नगरपालिकाको वडा न ८ मा वि स २०७२ सालको भूकम्पले नाथपटी टोलको ५० वटा घरका भित्ता चिरा परेको, ८जना मानिस घाइते भएको र रु १लाख ५० हजार बराबरको आर्थिकक्षति भएको । त्यस्तै.वि स २०८० सालको आगलागीले नाथपटी टोल, विसरभोरा, डुमरिया टोलमा घर गोठ टालीजलेको, रु १ लाख ५० हजार जतिको आर्थिक क्षति भएको, तर मानवीय क्षति भएन । त्यस्तै २०६३ सालको हावाहुरीले..नाथपटी  टोलको १० जनाका टिनको छाना उडाएको र रु ५ लाख बराबरको आर्थिक क्षति भएको थियो । २०६४सालमा अत्यधिक वर्षा भएर कमला नहरको बाढीले डुमरिया टोल, डुवानमा, धानवाली बगाएको खेतीयोग्य जमिन बालुवालेभरिएको, करिबरु ३० लाख बराबर जतिको आर्थिक क्षति भएको थियो ।त्यस्तै सन् २०१९ मा आएको कोभिड १९ ले वडा भरि सबै टोल प्रभावित भएको, जसमा ८जनाको मृत्य भएको थियो । २०७०..साल चैत्रमाआएको झाडा पखालालेपासमान र महरा टोलमा५जनाको मृत्यु भएको थियो ।

### २.४.८.३ प्रकोप जोखिम न्यूनीकरणका उपायहरुः

विशेष गरि डुमरिया.टोल हरेक वर्ष डुवानमा हुनेभएकोले कमला नहरमा तटबन्ध निर्माण गर्नुपर्छ । वर्षातको पानी निकासको लागि बाटोको दायाबाया दुवै तिर नाला निर्माण गर्ने।

आगलागिबाट बच्नको लागि जथाभावी घुरान नबाल्ने । घरका छानो मजबुत गरि हावाहुरीबाटजोगाउने, घर वरिपरिको रुख काँटछाट गर्ने ।भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने र भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने। झाडापखाला जस्ता महामारीबाट बच्नकालागि जनचतेनामुलक कार्यक्रम सरसफाई सम्बन्धी,घरदैलो कार्यक्रम गर्ने । वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने, विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपाङ्गमैत्री र बालमैत्री संरचना निर्माण गर्ने, खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गर्ने,  पूर्वसुचना प्रणालीलाईस्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्राथमिक उपचार कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने। सडकको किनारमा वृक्षारोपण गर्ने, वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ र सो समुदायमासामुदायिक विपद्व्यवस्थापन समिति गठन गर्ने, टोल विकास संस्थाहरुमा आवश्यक महत्वपूर्ण नम्बर राख्नु पर्ने देखिन्छ । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।

## २.४.९वडा न ९

प्रमुख प्रकोपहरु :भूकम्प, बाढी, आगलागि उच्च, जस्ता प्रकोप उच्चमा रहेको छ भने चट्याङ, हावाहुरी,महामारी शीतलहर न्यून मात्रामा रहेको पाइन्छ ।

### २.४.९.१ यसका असरहरु

वि स२०४५ साल श्रावण महिनामा कमला नहरमा आएको बाढीले सोनपुरमा १ घर बगाएको गोठ कोयलपुरमा ७ घरको डुवानमा भएको थियो । त्यस्तै २०६३ साल भदौ महिनामा कमला नहरमा आएको बाढीले सुनरैत पोखरीको माछा बगाएको, ३७ घर बाढीले बगाएको र रु ५० लाख बराबरकोआर्थिक क्षति भएको थियो ।.कमला नहरमा तटबन्धनभएको कारण,अत्यधिक वर्षाको कारण बाढीआईउक्त सोनपुर र गोठकोयलपुर हरेकवर्ष डुवान हुने गरेको छ ।अर्को मुख्य समस्या भनेको बाटोको दायाँ बाया नाला नभएको कारण पानी निकासमा समस्या भएकोले वस्ती डुवान हुने गरेको छ । त्यस्तै विस २०५३ सालजेठ महिनामा आगलागिले गोठकोयलपुरको फुसको १ घरजलेको र १ वटाबाखा मरेको, करिव रु ४० लाख बराबरकोआर्थिक क्षति भएको थियो ।त्यस्तै २०७३ सालको जेठ महिनामा आएको हावाहुरीले १ वटा फुसको घरको छाना उडाएको, १ जना व्यक्ति घाइते भएको, करिब रु १ लाख ५० हजार बराबरको क्षति भएको थियो ।त्यस्तैं २०६५ साल चैत्र महिनामा गोठकोयलपुरको मुसहर टोलमा झाडापखालाबाट १५घरधुरी प्रभावित भएकोथियो ।.अत्यधिक वर्षा भएर.कमलानहर भत्केको कारणगाउँमा पानी पसेको । त्यस्तै सरसफाईको कमी, बर्षाको पानी जम्नुको कारण महामारी देखा परेको छ ।

### २.४.९.२ प्रकोप जोखिम न्यूनिकरणका उपायहरु

कमला नहरमा आएको बाढीले वडा न ९ को वस्तीहरु सोनपुर, गोठकोयलपुरको वस्ती डुवानमा हुने भएकोले कमला नहरमा तटबन्ध निर्माण गर्ने । बाटोहरु दाया बाया नाला सहितको निर्माण गर्ने । खेतीपाती  गर्न पर्याप्त पानी नभएकोले सिँचाइको लागि बोरिगंको व्यवस्था गर्ने।

समुदायमा जनचेतना जगाउने, भूकम्प जोखिम बारेमा जनचतेनामूलक कार्यक्रम गर्ने। सलाई,लाइटर जस्ता आगो बल्ने खालकाबस्तु बालबालिकाबाट टाढा राख्ने।औषधी किटहरुको व्यवस्थापन गर्ने, सरसफाईमा ध्यान पुरयाउने खालका चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

वडामा रहेका खुला स्थान (खेलमैदान, विद्यालय चौर) हरुको पहिचान गर्ने । वडा स्तरिय विपद् व्यवस्थापन समिति बनेको छ । विपद्को समयमा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई परिचालन गरि विभिन्न संघसंस्थाहरु सँग समन्वय सहकार्य गरि जनचतेनामूलक कार्यक्रम गर्ने । विपद् पूर्वतयारीका कृत्रिम घटना अभ्यास, अपांङग्मैत्री, बालमैत्री संरचना निर्माण गर्ने,खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन गर्ने । पूर्वसुचना प्रणालीलाईस्थानीय तह, जिल्ला हुदै राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र सँग जोड्ने, स्थानीय युवाहरुको विभिन्न कार्यदल (प्रा उ कार्यदल, खोज तथा उद्धार, आवश्यकता पहिचान कार्यदल) गठन गरि क्षमता अभिवृद्धि गरि परिचालन गर्ने। भवन आचार संहिता कार्यान्वयन गर्नको लागि पहल गर्ने ।

। वडा ९ मा वडा स्तरिय विपद् व्यवस्थापन समिति रहेको छ । विपद्को समयमा उद्धार गर्न सक्ने २५ जना पौडीबाज रहेको छ। Rubber, life jacketजस्ता खोज उद्धार सामाग्रीहरु नगरपालिकामा राख्नु पर्नै देखिन्छ ।नगरपालिकामा आपतकालिन कार्यसंचालन केन्दको स्थापना गर्न जरुरी छ । सामुदायिक विपद्व्यवस्थापन समिति गठन गर्ने, टोल विकास संस्थाहरुमा आवश्यक पर्ने सक्ने महत्वपूर्ण नम्बर राख्ने । आपतकालिन अवस्थामा छिटो छरितो प्रभावकारी प्रतिकार्य गर्नको लागिकोष व्यवस्थापन निर्देशिका निर्माण गरि वडास्तरिय विपद् व्यवस्थापन कोष राख्न जरुरी छ ।नाला सरसफाई गर्ने, विपद् व्यवस्थापनको लागिविपद् व्यवस्थापन राहत कोष छुटाउनु पर्ने देखिन्छ ।

## २.५ शहीदनगरनगरपालिकाको जोखिम पहिचान तथा क्षमता विश्लेषण

शहीदनगरनगरपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता विचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस नगरपालिकामा विपद् जोखिम न्यूनिकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । यस शहीदनगर नगरपालिकामा भुकम्प, बाढी, आगलागि,हावाहुरी, महामारी, शीतलहर,जंगली जनावरको आतंक, चट्याङ, कृषि बालीमा लाग्ने रोग,जस्ता जोखिम रहेको छ । यसर्थ यस्ता विपद्बाट समुदायलाई सुरक्षित बनाउन जनचेतनाको कार्यहरु सँगै पूर्वतयारीको गतिविधीहरुमा समेत जोड दिनुपर्ने देखिन्छ ।

यस शहीदनगर नगरपालिका विपद्को क्षेत्रमा निकै जोखिमयूक्त नगरपालिका मानिन्छ । मुख्यनदि कमला नदिको कारण नजिकमा रहेको नहरहरु वर्षातको समयमा भरिएर नहरमा जान्छ र नहर नजिकै रहको कमजोर तटबन्धनको कारण नहरको पानी बढि भएर नजिकैका बस्तीमा पस्छ र बस्तीहरु डुवानमा पर्छ। यस पालिकामा अधिकांश घरहरु फुसको भएको कारण र लस्करै भएको कारण आगलागिको घटनापनि वर्षेनी भएको पाइन्छ ।

शहीदनगरनगरपालिकामा विपद् जोखिम व्यवस्थापनका लागि नगरपालिकास्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन भएको छ र ९ वटै वडाहरुमा वडा स्तरीय विपद् जोखिम व्यवस्थापन समिति गठन भएको छ । आपत्कालिन अवस्थाका उद्दार सामाग्रीहरु इलाका प्रहरी कार्यालय यदुकुहा र शसस्त्र प्रहरी वललाई हस्तान्तरण गरी तयारी अवस्थामा राखेको छ । यी माथिउल्लेखित गठित समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ । यसै गरि यस नगरपालिकामा विभिन्न कार्यदलहरु (पूर्वसूचना तथा सञ्चार, खोज तथा उद्दार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन) जस्ता कार्यदलहरु गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुदा यसै कुरालाई मध्य नजर गर्दै यस नगरपालिकामा बहुप्रकोप सँग जुध्नका लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी शहीदनगरनगरपालिकालाई विपद् उत्थानशील नगरपालिकाको रुपमा स्थापित गर्नु जरुरी देखिन्छ ।

## २.६ संस्थागत विश्लेषण

विपद् पूर्वतयारी, रोकथाम र अल्पीकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुनःस्थापना र पुनःनिमार्ण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी तथा गैर सरकारी निकाय, सामाजिक संघसंस्था, वित्तीय तथा सहकारी संस्था, स्वास्थ्य, सुरक्षा निकाय र अन्य मानवीय सेवा प्रदायक संघसंस्था आदिको उपलब्धता, पहुँच तथा सम्बन्धको विश्लेषण यस संस्थागत चित्रबाट गरिएको छ । यस औजारको प्रयोगबाट समुदायले विपद् तथा जलवायु उत्थानशिलताका सम्बन्धमा सामाजिक तथा सार्वजनिक निकाय सम्मको पहुँच देखाउन खोजिएको छ ।

विशेषगरी नगरपालिकाका शाखाहरु, र सवै वडा कार्यालयसँग बलियो सम्बन्ध रहेको पाइएको छ । यस नगरपालिका भित्र मुख्य रुपमा नगरपालिकाका प्रहरी चौकी, वडा कार्यालय, वडा स्वास्थ्य चौकीहरु, युवा क्लव, बाल क्लव,विद्यालयहरु, तथा वित्तीय संस्थाहरु, आदि रहेका छन् । विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका लागि पहिचान भएका यी संघसंस्था वा निकायहरुबाट मुख्य रुपमा जनचेतना, राहत वितरण, आपतकालिन शिक्षा, कृतिम घटना अभ्यास, खोज तथा उद्धार, भुकम्प प्रतिरोधी संरचना निर्माण गर्ने जस्ता सहयोगहरु समुदायले प्राप्त गर्नेछन् भने समुदायको तर्फबाट पनि यी संघसंस्थाहरुको नेतृत्व तथा कार्यक्रमहरु कार्यान्वयनमा भुमिका निर्माण गर्ने गरेको पाइएको छ । संस्थागत विश्लेषण वा सम्बन्ध चित्रको विस्तृत विवरणतल  राखिएको छ ।

**तालिका १०:संस्थागत विश्लेषण**

| **क. स** | **कार्यालय/संघसंस्था** | **ठेगाना** | **विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | **नगरपालिका भित्र** | | | | |
| १ | नगरपालिकाको कार्यालय | | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरु संचालन गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने स्थल निर्माणमा सहयोग गर्ने । | सुचना प्रवाह गर्ने, राहत सामग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनस्थापना र पुर्ननिर्माण गर्न सहयोग गर्ने, |
| २ | स्वास्थ्य चौकी , स्वास्थ्य इकाई . | | विपद्को समयमा आवश्यक पर्ने औजार तथा औषधिहरुको भण्डारण, स्वास्थ्यसँग | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुऱ्याउने | घाईतेहरुको सक्दो छिटो उपचारमा सहयोग पुऱ्याउने, त्यहाँ उपचारहुन नसकेका घाईतेहरुलाई |

| क्र. स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | | | सम्वन्धित जनचेतनामुलक कार्यक्रम गर्ने, आवश्यक जनशक्तिको व्यवस्था गर्ने | | जिल्ला अस्पतालहरुमा पठाउने, स्वास्थ्य शिक्षा र आवश्यकता अनुसार स्वास्थ्य शिविर संचालन गने |
| ३ | वडा कार्यालय (९ वटा) | | जनचेतना जगाउने, वडा भित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरु संचालन गर्ने, खोज तथा उद्दार सामाग्रीहरुको व्यवस्था गरी राख्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रय स्थल निर्माणमा सहयोग गर्ने, | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापन गर्ने, खोज तथा उद्दारमा सहयोग गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रयस्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग समन्वय गर्ने, पुनःस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, |
| ४ | सुरक्षा निकाय( शसस्त्र प्रहरी र इलाका प्रहरी कार्यालय, यदुकहा | | सम्भावित घटनाहरुको लागि पुर्वतयारीहरु गर्ने, कृतिम घटना अभ्यासहरु गर्ने, जोखिमयुक्त स्थानहरुको पहिचान तथा नक्सांकन , | खोज तथा उद्दार कार्य गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत ओसार पसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र पुन निर्माण गर्न सहयोग गर्ने, पुनस्थापना केन्द्रको सुरक्षा |
| ५ | नेपाल रेडक्रस सोसाइटी, उपशाखा यदुकहा | | गैर खाद्य सामाग्री भण्डारण गर्ने । विपद् जोखिम सम्वन्धी सचेतना जगाउने पूर्वतयारी गर्ने, | खोज तथा उद्धारमा सक्रिय हुनका साथै राहत सामाग्री हरु वितरण गर्ने | पुन निमार्णका कार्यहरुमा सहयोग गर्ने । विपद् जोखिम सम्वन्धी सचेतना जगाउने |
| ५ | गैर सरकारी संस्था .सामुदायिक सुधार केन्द, जनकपुर्र | | जनचेतना जगाउने, नगरपालिका भित्र विपद् जोखिम न्यूनीकरणका कृयाकलापहरु संचालन गर्न सहयोग गर्ने, खोज तथा उद्दार | सुचना प्रवाह गर्ने, राहत सामाग्री उपलब्ध गराउने, आश्रयस्थलको व्यवस्थापन गर्न सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रय स्थल निर्माणमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, विभिन्न सहयोगी निकायहरु संग |

| क्र. स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | सामाग्रीहरुको व्यवस्था गरी राख्न सहयोग गर्ने, नितिनियम तथा कार्यहरुको कार्यान्वयनमा सहजिकरण गर्ने, सुरक्षित आश्रयस्थल निर्माणमा सहयोग गर्ने, | | समन्वय गर्ने, पुनस्थापना र पुर्ननिर्माण गर्न सहयोग गर्ने, |
| ६ | बैंक (३ वटा) | | खाद्यान्न तथा राहत व्यवस्थापनमा सहयोग गर्ने, सुरक्षित स्थानहरुमा पुर्वाधारहरु निर्माण गर्न ऋणहरु उपलब्ध गराउने, नगद तथा बहुमुल्य सामाग्री घर भन्दा बैंकमा राख्दा सुरक्षित हुन्छ भन्ने कुराको चेतना जगाउने | राहतहरु उपलब्ध गराउने,आश्रयस्थल को व्यवस्थापनमा सहयोग गर्ने | राहतहरु उपलब्ध गराउने, आश्रय स्थलको व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा नगरपालिकालाई सहयोग गर्ने, आयआर्जन तथा पुनस्थापना र पुननिर्माणमा सहुलियत दरमा ऋणहरु उपलब्ध गराउने |
| ७ | सहकारी तथा वित्तिय सस्थाहरु ७ वटा | | जनचेतना जगाउने, समूह वनाएर साना साना वचत गर्न लगाउने | सुचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने | राहत उपलब्ध गराउने, आश्रय स्थलमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, ऋण उपलब्ध गराउने, आय आर्जनका क्रियाकलापहरुमा सहजीकरण गर्ने |
| ८ | सामुदायिक तथा निजि विद्यालय | | जनचेतनाहरु जगाउने, स्वयम् सेवकहरु तयार गरी तालिमहरु प्रदान गर्ने | उद्दारहरुमा सहयोग गर्ने, आश्रयस्थल उपलब्ध गराउने, राहत सामाग्री उपलब्त्र गराउने | आश्रयस्थलको लागि भवनहरु उपलब्त्र गराउने, जनचेतनाहरु जगाउने, राहत सामाग्री उपलब्त्र गराउने |
| ९ | यूवा क्लब | | जनचेतना जगाउने, विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने, विभिन्न तालिमहरु लिई दक्षता हासिल गरी पूर्वतयारीहरु गर्ने | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने,सुचना प्रवाह गर्ने घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, | खोज तथा उद्दार कार्यमा सहयोग गर्ने, घाईतेहरुको ओसार पसारमा सहयोग गर्ने, राहत सामाग्री ढुवानी तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलको सुरक्षा तथा व्यवस्थापन गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनःस्थापना तथा पुनःनिर्माणमा सहयोग गर्ने |
| १० | बाल क्लव | | विपद् सम्वन्धि | विपद् सम्वन्धि | विपद् सम्वन्धि |

| क्र. स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | | | जनचेतनाुलक कार्यक्रमहरु गर्ने | जनचेतनामुलक कार्यक्रमहरु गर्ने | जनचेतनमुलक कार्यक्रमहरु गर्ने |
| ११ | महिला तथा आमा समुह | | जनचेतना जगाउने, समूह वनाएर साना साना वचत गर्न लगाउने, जमानी बसेर विना धितो उपलब्ध गराउने | सुचना प्रवाह गर्ने, राहत व्यवस्थापनमा सहयोग गर्ने, राहत उपलब्ध गराउने, आश्रयस्थलमा सरसफाई तथा जनचेतना जगाउने | राहत उपलब्ध गर्न सहयोग गराउने पिडितहरुको राहतको लागि क्षति विवरण संकलन गर्न सहयोग गर्ने, आश्रयस्थल निर्माण तथा व्यवस्थापनमा सहयोग गर्ने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, सहुलियत व्याजदरमा विना धितो ऋण उपलब्ध गराउने, आय आर्जनका क्रियाकलापहरुमा सहजिकरण गर्ने |
| १२ | कृषि सेवा केन्द्र | | कृषि उत्पादनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नयाँ प्रविधि तथा बालीहरुको बारेमा जनचेतना जगाउने, विषादीको प्रयोगलाई नियन्त्रण गर्ने , व्यवसायिक खेतीहरुलाई बढावा दिने | सुचना प्रवाह गर्ने, आवश्यक अनुसार समन्वय गर्ने, दक्ष जनशक्तिपरिचालन, तथ्याक संकलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सुचना दिने , तथ्यांक संकलनमा सहयोग गर्ने, कृषकहरुलाई अनुदान उपलब्ध गराउन, कृषिमा प्राविधिक सहयोग गर्ने |
| १३ | पशु सेवा केन्द्र | | पशुपालनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नर्या प्रविधि तथा पशुपालनको बारेमा जनचेतना जगाउने, पशु शिविर संचालन गर्ने, व्यवसायिक पशुपालन तथा खोर व्यवस्थापन गर्ने | सुचना प्रवाह गर्ने, आवश्यक अनुसार समन्वय गर्ने, दक्ष जनशक्तिपरिचालन, तथ्याँक संकलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सुचना दिने , तथ्यांक संकलनमा सहयोग गर्ने, पशुपालन व्यवसायीलाई अनुदान उपलब्ध गराउन, प्राविधिक सहयोग गर्ने |
| | **जिल्ला भित्र** | | | | |
| १ | जिल्ला प्रशासन कार्यालय | | विपद् सँग सम्वन्धित निति नियमहरुको | खोज तथा उद्दार कार्यमा जनशक्ति | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, |

| क.स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | | | कार्यान्वयनमा सहजिकरण, समय समयमा बैठक आयोजना गरी पूर्वतयारीका कुराहरुको समिक्षा गर्ने, राहत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्ने, जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र कामहरुको बारेमा आम नागरिकहरुलाई जानकारी गराउने, DDMP, DPRP तयार गर्ने | परिचालन गर्ने, सुचनाहरु प्रवाह गर्ने, आकस्मिक बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने | सुचनाहरु प्रवाह गर्ने, बैठकको आव्हान गरी राहतको व्यवस्थापन गर्ने, राहतको लागि माथिल्लो निकायमा सुचनाहरु प्रवाह गर्ने, पुनस्थापना तथा पुर्ननिर्माणको लागि सहजिकरण गर्ने, |
| ३ | जिल्ला जन स्वास्थ्य कार्यालय | | औषधि उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्ने | औषधि सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्ने |
| ४ | जिल्ला समन्वय समिति | | नगरपालिकाहरुले गरिरहेका कार्यक्रमहरुको अनुगमन गर्ने, वजेटहरुको निकासा गर्ने, निति नियमहरुको कार्यान्वयनमा गाउँहरुलाई सहयोग गर्ने, | आश्रयस्थलहरु निर्माणको लागि सहयोग गर्ने | तथ्याङ्क संकलनमा सहयोग गर्ने गराउने, राहतहरु उपलब्ध गराउने, पुनस्थापना तथा पुननिर्माण कार्यको लागि वजेटहरुको निकास तथा व्यवस्थापन गर्ने |
| ५ | जिल्ला प्रहरी कार्यालय, जनकपुर | | सम्भावित घटनाहरुको लागि पुर्वतयारी हरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय यूवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष बनाउनको लागि विभिन्न सहयोगी | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थल निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसारपसार तथा वितरणमा सहयोग गर्ने, आश्रय स्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनस्थापना र |

| क्र. स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | निकायहरु सँग समन्वय गरी तालिम दिने, खोज तथा उद्धारका सामाग्रीहरु भण्डारण गर्ने | राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने । | पुर्ननिर्माण गर्न सहयोग गर्ने |
| ७ | शसत्र प्रहरी बल | | सम्भावित घटनाहरुको लागि पुर्वतयारीहरु गर्ने, कृतिम अभ्यासहरु गर्ने, स्थानिय यूवाहरुलाई खोज तथा उद्दार कार्यमा दक्ष वनाउनको लागि विभिन्न सहयोगी निकायहरु सँग समन्वय गरी तालिम दिने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, घाईतेहरुको ओसार पसार गर्ने, आश्रय स्थन निर्माण तथा सुरक्षा दिने, शान्ति व्यवस्था कायम राख्ने, राहत सामाग्री ओसार पसार तथा वितरणमा सहयोग गर्ने | खोज तथा उद्दार कार्यमा जनशक्ति परिचालन गर्ने, राहत ओसारपसार तथा वितरणमा सहयोग गर्ने, आश्रयस्थलमा सहयोग तथा शान्ति सुरक्षा दिने, तथ्याङ्क संकलनमा सहयोग गर्ने, पुनःस्थापना र पुनःनिर्माण गर्न सहयोग गर्ने, |
| ८ | जिल्ला अस्पताल | | औषधी उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने | औषधी सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्ने | औषधी सहितको जनशक्ति परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्न सहयोग गर्ने, घाईतेहरुको औषधि उपचार गर्ने |
| ९ | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | | खानेपानी मुहानहरुको संरक्षणमा सहयोग गर्ने, सरसफाइहरुमा जनचेतना जोगाउने | खानेपानीको व्यवस्थापन, विपद्को समयमा विग्रिएको पाइपहरुको मर्मत गर्ने, आवश्यकता अनुसार आश्रय स्थलमा सफा र सुरक्षित पानीको व्यवस्थापन गर्ने | क्षति भएका मुहानहरुको मर्मत सम्भार गरि संरक्षण गर्ने , विग्रिएका पाइपलाईन तथा धाराहरुको मर्मत सम्भार गर्ने, पुननिर्माण तथा पुनःस्थापन गर्दा आवश्यक पर्नेपानीको व्यवस्थापन गर्ने |
| १० | कृषि ज्ञान केन्द्र | | कृषि उत्पादनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नर्या प्रविधि तथा बालीहरुको बारेमा जनचेतना जगाउने, | सुचना प्रवाह गर्ने, आवश्यक अनुसार समन्वय गर्ने, दक्ष जनशक्ति परिचालन, तथ्यांक संकलन गर्ने, क्षतिकोलेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सुचना दिने , तथ्यौंक संकलनमा सहयोग गर्ने, कृषकहरुलाई अनुदान उपलब्ध गराउन, कृषिमा प्राविधिक सहयोग गर्ने फलफुलका विरुवा , उन्नत |

| क्र.स | कार्यालय/संघसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | | | विषादीको प्रयोगलाई नियन्त्रण गर्ने , व्यवसायिक खेतीहरुलाई बढावा दिने फलफुलका विरुवा, उन्नत जातका विउहरु उपलब्ध गराउने | | जातका विउहरु उपलब्ध गराउने, आयआर्जनमा प्राविधिक तथा आर्थिक सहयोग गर्ने |
| ११ | जिल्ला पशु कार्यालय | | पशुपालनमा अनुदान उपलब्ध गराउने, प्राविधिक सहयोग उपलब्ध गराउने, नर्या प्रविधि तथा पशुपालनको बारेमा जनचेतना जगाउने, पशु शिविर संचालन गर्ने, व्यवसायिक पशुपालन तथा खोर व्यवस्थापन गर्ने | सुचना प्रवाह गर्ने, आवश्यक अनुसार समन्वय गर्ने, दक्ष जनशक्ति परिचालन, तथ्याक संकलन गर्ने, क्षतिको लेखाजोखा गर्ने | दक्ष जनशक्ति परिचालन गर्ने, सुचना दिने , तथ्यांक संकलनमा सहयोग गर्ने, पशुपालन व्यवसायीलाई अनुदान उपलब्ध गराउन, प्राविधिक सहयोग गर्ने । |
| १३ | प्रादेशिक अस्पताल, जनकपुर | | औषधी उपचारहरुको व्यवस्थापन गरी राख्ने, जन शक्तिहरुको के कति आवश्यकता पर्छ तयारी अवस्थामा राख्ने, जन चेतनामुलक कार्यक्रमहरु गर्ने | औषधी सहितको जनशक्ति परिचालन गर्ने, मातहतका निकायहरुलाई परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्ने | औषधी सहितको जनशक्ति परिचालन गर्ने, जनचेतना जगाउने खालका कृयाकलापहरु गर्न सहयोग गर्ने, घाईतेहरुको औषधि उपचार गर्ने |

## २.७ तापक्रम र वर्षाको विश्लेषण :

जल तथा मौसम विज्ञान विभागबाट स्थापना गरिएका जल तथा मौसम मापन केन्द्रको संख्या, स्थान र अवस्थाको अभिलेख राखि सम्बन्धित वडा, तथा नगरपालिकाको विगत ३० बर्ष अवधिको बर्षा र तापक्रमको तथ्याङ्क प्राप्त गरि औसत बर्षा र तापक्रममा आएको परिवर्तन विश्लेषण गरिन्छ । यस अर्न्तगत केन्द्रको प्रकार, स्थान, मापन गरिने मापदण्ड, पूर्वसूचना प्रणाली, जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रसंग जोडिएको छ वा छैन र हालको अवस्थाको बारेमा उल्लेख गर्नुपर्ने हुन्छ । मानवीय दृष्टिकोणले हेर्दा नेपालको तराई र पहाडी भू–भागमा रहेका जिल्लाहरु मध्ये धनुषा जिल्ला अत्यन्तै जोखिममा रहेको जसमा शहिद नगरपालिका पनि अत्यन्तै जोखिममा रहेको छ । यस नगरपालिकाकोऔसत वर्षा १५७३ मिलिमिटर रहेको छ । अधिकतम तापक्रम ४४ डिग्री सेल्सीयस रहेको छ भने न्युनतम तापक्रम १७ डिग्री सेल्सीयस रहेको छ । **(श्रोत विपद पूर्वष्तायरु तथा प्रतिकार्य योजना २०७७ , धनुषा)**

## २.८ लक्षित समुह विश्लेषणः

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समुहमा छलफल गर्नु नै लक्षित समुह छलफल हो । समुदायका महिला, बालबालिका, सीमान्तीकृत वर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित,जनजाति, र अल्पसंख्यक समेत सबै वर्गलाई समेटेर यस प्रकारको छलफल गरिएको छ । यस्तो छलफलमा सबै सहभागीलाई समान रुपले आफ्ना विचार र भनाई राख्न प्रोत्साहित गरिएको छ । विपद् तथा जलवायु परिवर्तनका कारण यस नगरपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप,जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य, आदि क्षेत्रहरुमा ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव एवम् भविष्यको अनुमानका बारेमा छलफल गरी निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ । विपद् र विपद्को सवाल, जिविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तैः उत्पादनमा घटबढ), जलश्रोत तथा उर्जा ( पानीको मुहान सुक्नु, अथवा, नयाँ देखा पर्ने ,तथा लोप हुनु), मानव स्वास्थ्य(खानेपानी सरसफाई तथा महामारी) जस्ता विषयमा छलफल गरिएको छ ।जसलाई तलको तालिकामा दिइएको छ ।

| **क्र स** | **समस्या** | **३० वर्ष अगाडिको अवस्था** | **हाल महसुस गरिएको प्रभाव** | **कारण** | **सम्बन्धित संम्भावनाका उपायहरु** |
|---|---|---|---|---|---|
| १ | विपद् र विपद्को सवालहरु ( भूकम्प, बाढी , जंगली जनावरको आतंक, चट्याग | बाढीको प्रभाव कम थियो , मानव सिर्जित कारण भन्दा पनि प्राकृतिक कारणले नै घटनाहरु बढि भएका थिए। जगली जनावर( हात्ती आतंक थियो, तर कृषकहरु | सडक विस्तार सगै नाला र पर्यात अल्पीकरणका काम नहुदा बाढीको समस्या बढ्दै गएको । फलस्वरुप समुदायमा मनोवैज्ञानिक असर विपद्को संख्या र | जनचेतनाको कमी, अव्यवस्थित विकास निर्माण, जनसंख्या वृद्धि,। प्राकृतिक श्रोतको अत्याधिक | चेतना अभिवृद्धि, जोखिमको लेखाजोखा, एकिकृत विकास निर्माण,समुदायको क्षमता अभिवृद्धि, समुदाय केन्द्रित किट र सामाग्रीको व्यवस्थापन गर्ने, सुरक्षित स्थानमा वस्ती बसाल्ने, वर्षाको समयमा ढलनालाको व्यवस्थापन गर्ने। वातावरणीयप्रभाव मूल्याँकन गरि वन समितिहरु सँग सहकार्य गरि बायोइन्जिनियरिगं प्रविधि अवलम्बन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खेतवारीमै गोठ बनाएर बस्ने र जँगलमा पर्याप्त कन्दमुल पाइने हुदा हात्ती र बाँदर आतकं समुदायमा थिएन। | विपद्को बारम्बरतामा वृद्धि, प्रभावमा वृद्धि , समुदायको जोखिम थप वृद्धि, बहुप्रकोपको संकटासन्नतामा वृद्धि, नयाँ प्रकारका समस्या सृजना, सामुदायिक उत्तरदायित्व ह्रास , शहर केन्द्रित बसाई सराई, | उपयोग , बातावरण परिवर्तनको कारणले जीवीकापार्जनका माध्यमहरु समस्याग्रस्त | गर्ने। जंगली क्षेत्रमा फलफुल तथा कन्दमुल लगाउने । |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा ( जस्तैः उत्पादन घट्नु | पशुपालनमा सहजता प्रशस्त मात्रामा अन्नवाली हुने बाली विरुवामा रोग कम, पशु चौपायालाई औषधी खुवाउनु नपर्ने परपरागत खेती प्रणाली, माटोको उर्वरा शक्ति, भएको, रैथाने विउँको मात्रा प्रयोग हुने, धान ,बदाम मुसुरो , गोबर मल प्रयोग हुन्थ्यो, उत्पादन कम भए पनि समयमै पानीपर्दथ्यो, रोग किरा कम लाग्थ्यो । | सिचाइको अभाव, मौसमी वर्षामा कमी , खेती लगाउने र भित्रयाउने समयमा ढिलाई, उत्पादनको कमीले खाद्यान्नमा समस्या, धान गहुँ मुसुरो, हाइब्रिड लगाएर उत्पादन बढी भएको, युरिया मलकोप्रयोग कारणले उत्पादन बढि भएको । | पानी पर्ने मौसममा परिवर्तन, आवश्यकता अनुसार पानी नपर्नु, रासायनिक मलको अत्यधिक प्रयोग प्राय भएको कारण जमिनको उत्पादकत्वमा ह्रास आउन थालेको, जनसंख्या वृद्धि, युवा शक्तिको पलायन, बजारको समस्या, पानीको समस्या | सिंचाइको प्रबन्ध, सिप विकासमा जोड, वैकल्पिक खेती प्रणालीको विकास, नयाँ उन्नत जातको विउँ मल ,विषादीको प्रयोग ,कषि तथा पशु व्यवसाय आधुनिकीकरण तथा बजार व्यवस्थापन, स्थानीय विउँ विजनको प्रयोग गर्न प्रोत्साहन गर्ने, आधुनिक कृषि प्रणालीको प्रयोगले वातावरणमा आएको परिवर्तनको बारेमा विंस्तृत जानकारी गराउने, भूमिको वर्गीकरण गरी सोही बमोजिम प्रयोग गर्नको लागि समुदायलाई प्रोत्साहित गर्ने , |
| ३ | मानव स्वास्थ्य , खानेपानी सरसफाई तथा महामारी | झाडा पखाला , दादुरा, श्वास प्रश्वास समस्या, खानेपानीको प्रशस्त उपलब्धता, वातावरणीय सरसफाईको कारण कोसाथसाथै मानिस र पशुले प्रयोग गर्ने | पानीजन्य रोगहरुका वृद्धि ,आँखा तथा छाला संक्रमणमा वृद्धि, झाँडा पखाला तथा श्वाश प्रश्वासमा समस्या, पानीका मुलहरु सुक्दै जानु, प्लाष्टिकजन्य | जनसंख्याको वृद्धि, खानपानमा आएको परिवर्तन , वातावरणीय प्रदुषण, मौसममा आएको | सचेतना अभिवृद्धि, सरसफाईको इकाईहरुको निर्माण र पहल, उचित ढल निकासको व्यवस्था, खानेपानी शुद्धिकरण र व्यवस्थापन गर्ने सकेसम्म अर्गानिक खानेकुराको सेवन गर्ने, अखाद्य र मिसावट खानेकुराहरु प्रतिबन्ध गर्ने,सबैको चुस्त स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | | मलको प्रयोग कम हुने हुदा दीर्घकालीन रोगहरु भने कम देखिन्थ्यो । पानीजन्य रोगहरुमा कमी थियो | सामाग्रीको अत्यधिक प्रयोगले, सरसफाईको समस्या,मानिस तथा पशुपंक्षीले उपयोग गर्ने, खानेकुरामाअत्यधिक विषादी र अखाद्य मिसावट हुनाले स्वास्थ्य समस्या बढ्दै गएको छ । | परिवर्तन, जलसम्पदाहरु प्रदुषित , सरसफाइको अभाव, | युवाहरुलाई स्वास्थ्य तथा भेटनेरी सम्बन्धी तालिम उपलब्ध गराउने । |
| ४ | वन तथा जैविक विविधिता . | वन तथा जैविकविविधताको रामो अवस्था,आवश्यकता अनुसार श्रोतहरुको उपलब्धता, रैथाने बिउ विजनको प्रयोग गरिन्थ्यो । कृषि तथा अन्न बालीहरुमा रोग तथा किराहरुको संक्रमण भए पनि विषादीहरुको सट्टा प्राँगारिक मल तथा घरमा नै औषधी बनाएर प्रयोग गरिन्थ्यो । हर्रो बर्रो अमला, ्सतालारी, घयू कुमारी निम, पाइन्थ्यो । | वन फडानी , जैविक विविधतामा समस्या, जलाधारको श्रोतहरुमा कमी, विभिन्न प्रजातीका पंक्षी हरु लोप हुदै जादा , प्राकृतिक प्रकोपको समस्या, वालीनाली तथा पशु चौपायाहरुमा विभिन्न रोग लाग्नु | जनसंख्या वृद्धि वन डढेलो, वन फडानी, वन पैदावरको चोरी निकासी, वातावरणमा आएको परिवर्तन, अत्यधिक मल तथा विषादीको प्रयोग, आयातित बिउबिजनको प्रभाव बढ्दै गएको छ अन्न वाली ( मकै, धान) मा फौजी किराहरुको दर वद्धि हुदै गएको छ। विषादीको दर पनि बढ्दै गएको छ । वन जंगल जथाभावी मासेर वन विनास | सचेतना वृद्धि, वृक्षारोपण , प्लाष्टिकजन्य सामाग्रीको प्रयोगमा प्रतिबन्ध, प्राँगाणिक मल प्रयोजनमा प्रोत्साहन, वैकल्पीक खेती प्रणालीको विकास, वैकल्पिक उर्जाको प्रर्बद्दन आमा समुह तथा युवा क्लवहरु परिचालन गरी जनचेतना र सचेतीकरण अभियान संचालन गर्ने। , वृक्षारोपण कार्यक्रम गर्ने, जडिबुटि लगाउने। |
| ५ | जलश्रोत तथा उर्जा | शुद्ध पिउने पानीको पर्याप्तता, सिचाई तथा अन्य | पानीकाश्रोतहरु सक्दै जानु, खानेपानीको अभाव, | खेतीबालीमा विभिन्न विषादिको | व्यवस्थित खानेपानीको योजना, जल तथा जलाधारको संरक्षण, वृक्षारोपण, भूमिगत पानीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रयोजनको लागि पानीको उपलब्धता, परम्परागत उर्जाको प्रयोग, मौसमी वर्षाका कारण कृषि उत्पादनमा सन्तुलन | सिंचाइको अभाव, पानीजन्य रोगहरुमा वृद्धि, बेमौसमी अनावृटि, अतिवृष्टि, खण्डवृष्टि | प्रयोग , प्लाष्टिकजन्य सामग्रीको प्रयोग, वन फडानी , पानीको मुहानहरु सुक्दै जानु, | व्यवस्थापन, |

## २.९सङ्कटासन्नता तथा क्षमता विश्लेषण मार्फत संकटासन्नता स्तरीकरण

शहीदनगर नगरपालिकामा विगतमा के-कस्ता प्रकोपका घटना भएका थिए, तिनको सूची तयार गरी त्यसबाट भएको क्षतिको विवरण तयार गरी प्राप्त सूचनाको विश्लेषणबाट कुन वडाको कुन वस्ती कुन प्रकोपका कारण कुन स्तरमा सङ्कटासन्न छ भन्ने पत्ता लगाउने प्रयास गरिएको थियो । सामाजिक श्रोत नक्शाङ्कन, जोखिमको अवस्थाको अध्ययन, अन्य संकटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोग तथासमुदायसँगको छलफलबाट प्रकोपको जोखिमका हिसावले नगरपालिका कति घरपरिवार उच्च, मध्यम र न्युन संकटासन्न छन् भनेर छुट्याइएको छ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानवीय क्षति, प्रभावित परिवार संख्या, घरको क्षति, आर्थिक क्षति, खेतीयोग्य भूमी, तथा वनक्षेत्रको क्षति, सामाजिक क्षती, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन,जोखिमले भविष्यमा पार्न सक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानीय ज्ञान, सिप, प्रविधिलाई सुचक मानी यस नगरपालिकाको वडागत संकटासन्नत वर्गिकरण गरिएको छ ।

## २.१० स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन

स्थानीय ज्ञान र सीपको प्रवर्द्धन मार्फत विपद्को सामना गर्न र भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्न समुदायले विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरिएको छ । समुदायले प्रयोग गर्ने मुख्य मुख्य स्थानीय ज्ञान, सीप र विधिको तल वुँदागत रुपमा टिपोट गरिएको छ भने विपद् अघि, विपद्को समय र विपद् पछि व्यक्तिगत रुपमा र सामुहिक रुपमा अपनाउने गरिएको स्थानीय ज्ञान, सीप र प्रविधिको विस्तृत रुपमा तालिका न ११ मा व्याख्या गरिएको छ ।

**तालिका ११:स्थानीय ज्ञान, सीप र प्रविधिको लेखाङ्कन**

| **क्रस** | विपद् / प्रकोपको प्रकार | विपद् पुर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|
| | | विपद् पुर्वतयारी तथा जोखिम | **सामुदायिक रुपमा** | **व्यक्तिगत रुपमा** | **सामुदायिक रुपमा** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | न्यूनीकरणका कार्य | | | |
| १ | बाढी | घरायसी सचेतना, घर तथा नहर निर्माण गर्नको लागि पहल गरेका | तटबन्ध निर्माण, डुवान क्षेत्रमा पानीको निकासको प्रबन्ध, वृक्षारोपण,बाढीको जोखिम कम गर्न तटबन्ध गरेको | खाना तथा आवासको व्यवस्था , पानी निकासको प्रबन्ध, सहयोगको लागि विभिन्न संघसंस्थामा अपिल, छिमेकीले छिमेकीलाई रासन उपलब्ध गराएको, जोखिम स्थानबाट सुरक्षित स्थानमा बस्न आग्रह गरेको | राहतको व्यवस्थापन, बाँध तथा तटबन्ध निर्माण, प्रभावितहरुलाई सहयोग, खोज तथा उद्धार राहत वितरणमा, गा पा, शसस्त्र प्रहरी रेडक्रसले सहयोग गरेको, प्रभावित व्यक्तिलाई खोज उद्धार गरि सहयोग गरेको |
| २ | आगलागि | आगो लगाउने प्रज्वनशील सामाग्रीहरु ( जस्तै सलाई ,लाइटर ,बच्चाको पहुँचबाट टाढा राख्ने | जनचेतनामुलक गतिविधीहरु, | आगो लागेपछि प्रहरी लाई खबर गरेको, | आगो निभाउने(बालुवा, झारपात) घरभित्र रहेको महत्वपूर्ण कागजात सामाग्रीको निकाल्ने, जनचेतनामुलक कार्यक्रम गर्ने गरेको , |
| ३ | हावाहुरी | कमजोर घरको छाना बलियो बनाउने | जनचेतना जगाउने | विपद् परिरहको बेला पशु चौपाया र व्यक्तिहरुलाई सुरक्षित स्थान लैजाने गरेको । | आवश्यकता अनुसार राहत वितरण गरेको |
| ४ | जगली जनावरको आतंक( नीलागाई संगुर) | | काँडेतार र बत्ति लगाई , हात्तीलाई धपाएर खेतवारी र वस्तीलाई जोगाउने गरेको | व्यक्तिगत रुपमा समुदायहरुलाई खबर गरि उनीहरुको सहयोग लिएर धपाउने गरेको । | |
| ५ | महामारी ( कोभिड) | स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने | स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने | लकडाउनको पूर्ण पालना गरियो, | संक्रमीतलाई क्वारेन्टाइन र आइसोलेशनमा राखिया। राहत सामाग्री वितरण गरियो र सँक्रमितलाई उपचार बापत रु ३,००० नगरपालिकाले उपलब्ध गराएको थियो |

## २.११नगरपालिकाको क्षमता विश्लेषण

शहीदनगरनगरपालिकामा नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति गठन भएको छ । यसले गर्दा समुदायलाई विपद् सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ । यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी तिनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ । यसका साथै विपद् व्यवस्थापन समितिलाई सक्षम बनाउनका लागि आपत्कालिन कोषको स्थापना गरि त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ । यस नगरपालिकामा कार्यरत वडा कार्यालयहरु, स्वास्थ्य चौकी, नेपाल रेडक्रस सोसाइटी उपशाखा, यदुकहा प्रहरी चौकी, विद्यालयहरु, बैक तथा ऋण सहकारी संस्थाहरु, सरकारी तथा गैर सरकारी निकायहरु,Habitat ForHumanity, सामुदायिक उत्थान केन्द्र आदिलाई पनि क्षमता मान्न सकिन्छ।नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु जसले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता बढाउने कामहरु गरिरहेका छन् । नगरपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समुहहरु, आमा समुह, महिला समुह, विभिन्न बचत समुह, नगरपालिकामा भित्रका युवा तथा बाल क्लवहरु, टोल विकास संस्थाहरुलाई यस नगरपालिकाको क्षमता मान्न सकिन्छ । यसैगरी यस नगरपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन्,जसको ज्ञान तथा सिप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ ।

यसका साथै शहीदनगर नगरपालिका भित्रका खुल्ला क्षेत्रहरु, विद्यालय भवन, विद्यालयको खाली चौर, सामुदायिक वन, सामुदायिक भवन, पानीको स्रोतहरु (पोखरी, नदि, नहर) लाई पनि क्षमता मान्न सकिन्छ । नगरपालिकामा भएका विभिन्न क्षेत्रहरुका पहुँचवाला समुदायका व्यक्तिहरु यस नगरपालिकाका क्षमता हुन ्। यस नगरपालिकामा रहेका सिकर्मी, तथा डकर्मीहरुले स्थानीय सीप र आफ्नै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् । उनीहरुमा स्थानीय श्रोत र सामग्री परिचालन गरि भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नुपर्ने देखिन्छ । यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता ,तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, र पौडीबाज, सिकर्मी र डकर्मीहरुलाई थप तालिम प्रदान गरि उक्त मानव श्रोतको सीपलाई विपद्का बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ ।

विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा सामना गर्न सामाजिक, भौतिक एवं धारणागत क्षमताहरु अभिवृद्धि गरी उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्नु आवश्यक छ । त्यसैले स्थानीय श्रोत र साधनलाई उपयोग गर्दै विपद् व्यवस्थापन कार्यलाई विकास प्रक्रियामा मूलप्रवाहिकरण गरी जोखिम कम गर्ने उपायको खोजी गर्ने वडामा रहेको श्रोत साधनहरुको पहिचान गरि विश्लेषण गरिएको छ ।

यस शहीदनगर नगरपालिकाको क्षमताको श्रोत अर्न्तगत.२१ वटा खेल मैदान, ९ वटा युवा क्लव, ३० वटा मन्दिर,प्रत्येक वडामा निजी पोखरी, त्यस्तै एक्जाभेटर १ थान, लाइफ ज्याकेट २५ थान, सैफ्टी

हेल्मेट ७ थान, रबर बोट १ थान, अग्नी संयन्त्रक ६ थान,. एम्बुलेन्स.१. वटा, हेड र्टच २ थान,प्राथमिक उपचार बाकस २ थान, त्रिपाल ५ थान, ह्यान्ड साइरन १ थान, रवर ट्युव १ थान, बैक तथा वित्तिय संस्था ३..वटा, सहकारी संस्था ७ वटा, आधारभुत विद्यालय १४ वटा,माध्यमिक विद्यालय७वटा, अहेव २७ जना, अनमी १८जना, आमा समुह २५ वटा, अपाङ्गता भएका व्यक्तिको समुह ४, स्वास्थ्य स्वयंमसेवक ८१ जना, तालिम प्राप्त कृषि प्राविधिक ६९ जना, र पौडीवाज हरेक वडामा ३० जनाका युवाहरु रहेका छन् ।यसका साथै खोज उद्धार तथा प्रतिकार्यका सामाग्रीहरुपालिकाको कार्यालयमा भण्डारण गरेर राखिएको छ । विपद्को समयमा नगरपालिकामा भएका यी मानवीय स्रोतहरुतथा साम्प्रगीहरुपरिचालन गर्न सकिन्छ ।

## २.१२ खुलाक्षेत्र सम्बन्धी विवरण

यस शहीदनगर नगरपालिका क्षेत्रफल र जनसंख्याको हिसाबले न्यून जनसंख्या भएको क्षेत्र मानिन्छ । ठूला ठूला भवन, संरचना, उद्योग, कलकारखानाहरु नभएकाले अधिकांश भूभाग खुला रुपमा रहेको छ । प्राकृतिक विपद्को बेला आवश्यक पर्ने खुला क्षेत्रको रुपमा ९ वटै वडामा रहेको तपसिलका खुला क्षेत्रलाई प्रयोग गर्न सकिन्छ ।

| **स्थान** | **खुला क्षेत्रको नाम** | **क्षमता** |
|---|---|---|
| वडा न १ | ५ वटा आधारभूत विद्यालय (रामनगर, बेमरखी, बालबखर कुम्भकर्ण टोल, सुन्दरपुरमा १ वटा माध्यमिक विद्यालय, माछा पोखरी (२ वटा सार्वजनिक ,४ वटा नीजि माछा पोखरी), सामुदायिक भवन ८ वटा, धर्मशाला ३ वटा , वडा न १ को कार्यालयमा रहेको ६ कठा जमिन | ४५०० जना मानिस अट्न सक्ने,<br>बेमरखीमा रहेको आधारभूत विद्यालयमा रहेको १८ कठा जमिनमा आपत विपद्को समयमा हेलिकप्टर राख्न सकिन्छ, सामुदायिक भवन ८ वटा जसममा ६०० जना मानिस अट्न सक्नेछ, धर्मशालामा ४०० जना अटन् सक्छ, ३५०० जना ६ कटा जमिनमा अट्न सक्छ |
| वडा न २ | ४ वटा आधारभूतविद्यालय ,कमलपुर मा १ वटा धर्मशाला | ३५०० जना अट्न सक्ने क्षमता भएको, धर्मशालामा ७० जना अट्न सक्ने क्षमता भएको । |

| | | |
|---|---|---|
| वडा न ३ | सामुदायिक भवन, ५ वटा, खेल मैदान ३ वटा, आधारभूत विद्यालय ४ वटा (यदुकहा र गोठकोयलपुर) रेडक्रस भवन, १ वटा, पोखरी ७ वटा | ५०० जना अट्न सक्ने क्षमता, ३००० जना जति अट्न सक्ने |
| वडा न ४ | सामुदायिक भवन ४ वटा, खेल मैदान ४ वटा, आधारभूत विद्यालय ३ वटा | ४०० जना अट्न सक्ने , २५०० जना अट्न सक्ने |
| वडा न ५ | सामुदायिक् भवन ७ वटा, खेल मैदान पर्चहवा मा रहेको ३.५ विगाहा क्षेत्रफल फैलिएको, पोखरी २ वटा (विर्ता टोल र बासुदेवपटि), | ७०० जना अट्न सक्ने ४ हजार जना मानिस अट्न सक्ने |
| वडा न ६ | २ वटा आधारभुत विद्यालय (हरवरा टोलमा १ वटा , हठिपुरमा १ वटा, सामुदायिक भवन हरवरामा ४ वटा, हठिपुरमा ४ वटा, हरवरामा माछा पोखरी १ वटा, हठिपुरमा २ वटा माछा पोखरी, हरवरामा खुला चौर १ वटा | विद्यालयमा ७५० जना अट्न सक्ने क्षमता भएको । ८ वटा सामुदायिक भवनमा ४८० जना अट्न सक्ने क्षमता भएको,५ हजार मानिस अट्न सक्ने, खुला चौरमा हेलिकप्टर पनि राख्न सकिन्छ । |
| वडा न ७ | सार्वजनिक पोखरी, ८वटा, सामुदायिक भवन ३ वटा (तारा टोल, धवौली र सोनावर्ती), आधारभूत विद्यालय २ वटा | १२०० जना, २०० जना, ४०० जना अट्न सक्ने |
| वडा न ८ | सामुदायिक भवन १ वटा नाथपटिमा, विद्यालय २ वटा (नाथपटि र डुमरिया) सार्वजनिक पोखरी ७ वटा, | ५० जना अट्न सकने, ३०० जना अट्न सकने, १२०० जना अट्न सक्ने |
| वडा न ९ | आधारभूत विद्यालय, २ वटा, सामुदायिक भवन २ वटा(गोठकोयलपुर र विर्ता) | १००जना अट्न सक्ने, १५० जना |

# खण्ड ३ दिर्घकालीन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दिर्घकालिन सोंच

शहीदनगर नगरपालिकामा विपद्जोखिम न्यूनिकरण तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदायको निर्माण गर्ने ।

## ३.२ परिदृश्यः

गरीब, सकंटासन्न र सामाजिक बहिष्करणमा रहेका समुदाय र उनीहरुको घर स्तरमा रहेको कुपोषण र कमजोर स्वास्थ्य तथा अन्य प्रकोपजन्य र जलवायुजन्य विपद्जोखिम न्यूनिकरणका तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी कार्यान्वयन गर्ने । विपद्बाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलता तर्फ उन्मुख गर्नु ।

## ३.३ लक्ष्य

शहीदनगर नगरपालिकामा रहेको विभिन्न तरिकाले जोखिम र सङ्कटासन्नता अवस्थामा रहेका घरपरिवारको अवस्था विश्लेषण, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद्तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्ने ।

## ३.४ उद्देश्य

क) समुदाय, वडा तथा नगरपालिका स्तरमा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार र मापदण्ड निर्धारण गर्नु ।

(ख) समुदाय, वडा तथा नगरपालिका स्तरमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद्तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरणमा विपद्तथा जलवायु उत्थानशील योजनाहरुको निर्माणमा योगदान पुर्‍याउनु ।

(ग) समुदाय, वडा तथा नगरपालिका स्तरका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू जस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।

(घ) समुदाय र घरपरिवार स्तरको पोषण र स्वास्थ्य क्षेत्रको क्षमता सवलिकरणका लागि घरपरिवार स्तरको कार्ययोजना निर्माण गरी उनीहरुको पहलमा उत्थानशीलता निर्माणका लागि आगामी क्रियाकलापहरु संचालन गर्ने ।

## ३.५ नीति

वडा तथा नगरपालिका, स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई समुदायको उत्थानशिलताका योगदान पुर्‍याउने ।

## ३.६ रणनीति

स्थानीयस्तरको समुदाय, वडा तथा स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद्तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्यहरु तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने । उक्त निर्देशिकाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ । साथै समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजनाको कार्यान्वयन गर्ने । स्थानीय विपद्जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि प्रोत्साहन गर्ने साथै नदी कटानमा रहेका उच्च संकटासन्न वस्ती तथा बाढीबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नका लागि पानीजन्य विपद्को पुर्वसूचना प्रणालीको स्थापना, स्थानीय निकाय र राज्यसरकार सगंको समन्वय तथा सहकार्य गरी पहलकद्मी शुरुवात गर्ने । समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण वा व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने साथै यस्ता स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहीकरण गर्दै लैजाने विषयलाई ध्यान दिन जरुरी छ ।

# खण्ड ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधीहरु

## ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी ,रोकथाम, अल्पिकरण र अनुकुलनका योजनाहरुः

यस नगरपालिका अर्न्तगत रहेका विभिन्न वडाहरुमा गरिएको संकटासन्नता क्षमता विश्लेषण तथा अनुकुलन क्षमता विश्लेषणबाट पहिचान भएका प्रकोपहरुको आधारमा यो योजना निर्माण गरिएको छ । योजना निर्माण गर्दा सम्पूर्ण वडाहरुमा देखिएको प्रकोप मध्ये मुख्य प्रकोपलाई योजनामा समावेश गरिएको छ । योजना तर्जुमा गर्दा विपद् पूर्वका क्रियाकलाप, विपद्को समयका क्रियाकलापहरु र विपद् पश्चातका क्रियाकलापहरु गरि मुख्य तिन भागमा छुट्याईएका छन् । यसका साथै नितिगत, जनचेतना अभिवृद्धिका योजना, पूर्वतयारीका योजना भौतिक पुर्वाधार विकासका योजना, विपद् सामनाका योजना तथा पुर्नलाभ योजनाहरु समावेश गरिएको छ ।

### ४.१.१ नीतिगत व्यवस्था तथा निर्णयः

यस योजना अन्तर्गत विभिन्न प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरुको सामना गर्न नगरपालिका स्तरीय विपद् जोखिम तथा जलवायु उत्थानशील समितिका साथै वडा स्तरीय समितिहरु निर्माण गरिएको र उक्त समितिहरुले गर्ने कार्य तथा जिम्मेवारीहरु निर्धारण गरिएको छ । साथै निम्न उल्लेखित नितिगत कार्ययोजनाहरु निर्माण गरिएको छ ।

### ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि

शहीदनगरनगरपालिका अर्न्तगतका विभिन्न समुदाय तथा वडामा पहिचान भएका जोखिम तथा प्रकोपहरुको कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरुलाई मध्य नजर गरी नगरपालिका तथा वडाले त्यसबाट अनुकूलन हुनको लागि अपनाउनुपर्ने बिभिन्न उपायहरुको पहिचान र प्राथमिकिकरण गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरुको छनौट गरिएको छ । पहिचान भएका जोखिम तथा प्रकोपहरुको कारणले प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरुलाई मध्यनजर गरी नगरपालिकाले त्यसबाट उत्थानशील हुनको लागि अपनाउनुपर्ने विभिन्न उपायहरुको पहिचान र प्राथमिकिकरण गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरुको छनौट निम्नअनुसार गरिएको छ ।

### ४.१.३ जोखिम न्यूनीकरण

यस शहीदनगरनगरपालिका अन्तर्गत रहेका विभिन्न प्रमुख प्रकोपहरु जस्तैः भुकम्प, बाढी, आगलागि, ⁄डढेलो, सडक दुर्घटना, चट्याङ,महामारी, शीतलहर,जंगली जनावरको आतंक, कृषि बालीमा लाग्ने रोग प्रकोप आदिले पुरयाएको क्षति तथा जोखिमको न्यूनीकरण गरि जलवायु उत्थानशील समुदाय निर्माण गर्न निम्न बमोजिमका जोखिमहरु पहिचान गरि व्यवस्थापनका क्रियाकलापहरु यस योजना अन्तर्गत समोवश गरिएका हुन्छन्।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | अनमुमानित बजेट( रु) | आन्तरिक(रु) | बाह्य( रु) | |
| १ | भूकम्प | ९वटै वडामा भूकम्पसुरक्षा सम्बन्धी जनचेतना अभिवद्धि गर्ने र सो को लागि पर्चा पम्पलेट वितरण र सडक नाटक जस्ता क्रियाकलाप गर्ने, समावेशी सुरक्षित आवास भूकम्प प्रतिरोधात्मक भवन निर्माण तथा भवन प्रबलीकरण बारेमा टोल टोलमा जानकारी गराउन, खुल्ला ठाउँको पहिचान गर्नुपर्ने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ९ लाख | नगरपालिका (६ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय ३ लाख | २०८०। २०८१ देखी निरन्तर |
| २ | बाढी | ९ वटै वडा भरिका विद्यालयहरुमा विद्यार्थीहको सहभागितामा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने, बाढीको उच्च जोखिम क्षेत्रको वडा कार्यालय र समुदाय विपत व्यवस्थापन समिति, वार्ड विपत व्यवस्थापन समिति, अपाङ्ग समन्वय समिति, आमा समुह, युवा क्लवको सहभागीतामा, | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | नगरपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (१लाख) | २०८०। २०८१ मा र त्यसपछि पनि निरन्तर |
| | बाढी | महिला, वालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरुलाई बाढी जोखिमवाट वच्न उपायहरु वारे अभियान चलाउने । | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | नगरपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (१लाख) | २०८०। २०८१ मा र त्यसपछि पनि निरन्तर |
| | बाढी | बाढी जोखिम न्यूनीकरण गर्न पम्लेट ,होडिंग बोर्ड तयार गरि चेतना वृद्धिको अभियान संचालन गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ४ लाख ५० हजार | नगरपालिका (३ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (१ लाख ५० हजार | ०८०।०८० मा र त्यसपछि र पनि निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बाढी | सडक नाटक तथा लोकगीत, स्थानीय भाषभा जिगल निर्माण गरि प्रतियोगिता मार्फत बाढी सम्बन्धी जनचेतना फैलाउने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख ६० हजार | नगरपालिका (३ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिया सरोकारवाला अन्य निकाय (१ लाख ६० हजार ) | २०८०। ०८१ मा र त्यसपनि निरन्तर |
| ४ | भूकम्प | वडा स्तरिय विपद् व्यवस्थापन समितिलाई PASSAसम्बन्धी तालिम प्रदान गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | नगरपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (३ लाख) | २०८०। ०८१ मा र त्यसपछि पनि निरन्तर |
| ५ | लैगिंक हिंसा | लैगिंक हिंसा सम्बन्धी कार्यविधि निर्माण तथा अभिमुखिकरण कार्यक्रम गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ४ लाख | नगरपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (२ लाख) | २०८०। ०८१ देखी निरन्तर |
| | | महिला, वालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरुको लागि योजना निर्माण वारे कार्यक्रम गर्ने । | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | २ लाख | नगरपालिका (२ लाख) | प्रदेश सरकार, संघ अन्य सरोकारवाला निकाय (१लाख) | २०८०। ०८१ देखी निरन्तर |
| ६ | | मनोसामाजिक सेवा कार्यक्रम गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | २ लाख | नगरपालिका (२ लाख) | प्रदेश सरकार, संघ अन्य सरोकारवाला निकाय (१लाख) | २०८०। ०८१ देखी निरन्तर |
| ७ | | विपद् व्यवथापन समितिलाइ विपद् जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान प्रदान को लागि अध्ययन भ्रमण आयोजना गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | नगरपालिका (२ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (२ लाख) | २०८०। ०८१ मा र त्यसपछि निरन्तर |
| ८ | | विपद् जोखिम न्यूनीकरण पुर्नलाभ सम्बन्धी, सुरक्षित आवास निर्माण र खानेपानी सरसफाई स्वच्छता प्रर्वदन सम्बन्धी अभिमुखीकरण गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | २ लाख | नगरपालिका (१ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (२ लाख) | २०८०। ०८१ मा र त्यसपछि निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | | अपांङ्गता भएका व्यक्तिहरुको घर अपाङ्गमैत्री बनाउने र वडामा सार्वजनिक भवनहरु अपाङ्गमैत्री भवन बनाउन पहल गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | २ लाख | नगरपालिका (१ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (१ लाख) | २०८०। ०८१ मा र त्यसपछि निरन्तर |
| १० | | सुरक्षित आवास, निर्माण, लैगिंक, जलवायु संवेदनशील विपद् जोखिम न्यूनीकरण ,पुर्नलाभ, । खानेपानी सरसरसफाई स्वच्छता प्रर्वद्धन, शिक्षा संचार सम्बन्धी स्थानीय भाषामा IEC materials निर्माण गर्ने | नगरपालिका र वडास्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | नगरपालिका (३ लाख) | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (२ लाख) | २०८०। ०८१ मा र त्यसपछि निरन्तर |
| ११ | आगलागि /डढेलो | सुख्खा मौसम, हावाहुरी आउने बेलामा जंगलमा आगो नलगाउन तथा जथाभावी आगो नसल्काउन समुदायलाई सचेत गर्ने, विद्यालयमा आगलागी सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने high tension line नजिक बस्ती नबसाल्न चेतना फैलाउने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ४ लाख | नगरपालिका (३लाख) | प्रदेश सरकार, केन्द्र सरकार, जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (१ लाख) | २०८०। २०८१ र निरन्तर |
| १२ | आगलागि | दमकलको व्यवस्थापन गर्ने , झाडी सरसफाईको काम गर्ने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय (१ लाख) | २०८०। २०८१ र निरन्तर |
| १३ | हावाहुरी | आफ्नो घरगोठको छाना राम्रो सँग बाँध्ने, बाँध्न लगाउने ,घर बनाउँदा ठूल्ठूला रुखको वरीपरि नबनाउने र हावाहुरी आउँदा रुख विरुवाको फेदमा नबस्न समुदायलाई सचेत गर्ने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ४ लाख | नगरपालिका | विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, सामुदायिक वन समितिहरु, विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला अन्य निकाय | २०७९।२०८० देखी निरन्तर |
| १४ | सडक दुर्घटना | विद्यालय सचेतना कार्यक्रम ट्राफिक,प्रहरी, विद्यालय वडा र यातायात सग समन्वय गरि ट्राफिक | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ४ लाख | नगरपालिका | जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य | २०८०।२०८१ देखी निरन्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सचेतना कार्यक्रम संचालन गर्ने, जेब्रा क्रसीगं ट्राफीक चिन्ह सहितको होर्डींग बोर्ड राख्ने | | | | निकाय ,ट्राफिक प्रहरी विद्यालय , यातायात व्यवसायी संघ | |
| १५ | सडक दुर्घटना | मा प से चेक गर्ने, सवारी चालक र वस्ती समुदाय स्थानमा जनचेतनामुलक कार्यक्रम गर्ने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | नगरपालिका | जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय ,ट्राफिक प्रहरी विद्यालय , यातायात व्यवसायी संघ | २०८०।२०८१ र निरन्तर |
| १६ | जंगली जनावरको आतंक | जंगली जनावरको आतंकबाट सुरक्षित राख्न अवलम्बन गर्नु पर्ने उपायहरु बारे चोक बजारमा चेतना जगाउने, होर्डींग बोर्ड राख्ने | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | नगरपालिका | प्रदेश सरकार, केन्द्र सरकार, जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा सक्रिय सरोकारवाला र अन्य निकाय, सामुदायिक वन समिति, वन सव डिभिजन कार्यालय | २०८०।२०८१ देखी निरन्तर |
| १७ | निति निर्माण | विपद व्यवस्थापन निति तथा कार्यविधिहरु तयार गर्न सहयाग गर्ने । | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ३ लाख | नगरपालिका | नगरपालिका,विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, | २०८०।२०८१ |
| १८ | बैठक र क्षमता अभिबृद्धि | विपद व्यवस्थापन समितिहरुको बैठक, भ्रमण र क्षमता अभिबृद्धि तालिम | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | ५ लाख | नगरपालिका | नगरपालिका,विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, | २०८०। ०८१ देखी निरन्तर |
| १९ | पहिचान र घर निर्माण | आपङ्ग, हरवा चरवाका घरहरुको पहिचान र घरहरुको निर्माण तथा सुधार कार्यक्रम | नगरपालिका र वडा स्तरिय विपद् व्यवस्थापन समिति | २० लाख | नगरपालिका | नगरपालिका,विकास साझेदार सरकारी तथा गैरसरकारी निकायहरु, | २०८०। ०८१ देखी निरन्तर |

| प्राथिमिकरण | प्रमुख समया तथा जोखिम | व्यवस्थापनका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | श्रोतको उपलब्धता | | | समयअवाधि |
|---|---|---|---|---|---|---|---|
| | | | | अनुमानि बजेट रु ) | आन्तरिक | बाह्य (सहयोगी | समय अवधि |
| वडा न १ | बाढी | कमला नदिमा तटबन्ध निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | १ करोड | शहीद नगरपालिका रु २५ लाख | प्रदेश सरकार ७५ लाख | २०८० देखि २०८३ |
| | बाढी | कमला नदिमा बाढी आएर बस्तीहरु डुवान हुने भएकोले पानी निकासको लागि बाटोको दाया बाया नाला निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | २ करोड | शहिद नगरपालिका ५० लाख | प्रदेश सरकार १ करोड ५० लाख | २०८० देखि २०८३ |
| वडा न २ | बाढी | टोल टोलमा बाढी पुर्व सुचा दिने साइनको व्यवस्थपन गर्ने | वडा विपद् व्यवस्थापन समिति | २ लाख | शहिद नगरपालिका १ लाख | प्रदेश सरकार १ लाख | २०८०। २०८२ |
| | बाढी | विपद् व्यववस्थानप समितिलाई खोज तथा उद्धार सम्बन्धी तालिम दिने र प्रत्येक वडामा खोज तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गर्ने | वडा विपद् व्यवस्थापन समिति | ३० लाख | शहीद नगरपालिका १० लाख | प्रदेश सरकार २० लाख | २०८० असार महिना भित्र |
| | खडेरी | नहरको पानी अपर्याप्त हुने भएकोले खेतीपातीको लागि सिंचाई गर्न बोरिगंको व्यवस्था गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५० लाख | शहीद नगर वडा विपद् व्यवस्थापनस्थापन समिति पालिका २० लाख | प्रदेश सरकार ३० लाख | २०८० देखि २०८१ सम्म |
| वडा ३ | बाढी | कमला नदिमा तटबन्ध निमार्ण गर्ने | वडा विपद् व्यवस्थापन समिति | १ करो ड | शहीद नगरपालिका २५ लाख | प्रदेश सरकार ७५ लाख | २०८० देखि २०८३ सम्म |
| | बाढी | कमला नदिबाट आएको नहरबाट सबेला जाने बाटोको पुल देखि पूर्व गोठकोठा सम्म खेतीयोग्य जमिन जोगाउन ३ किमी जति कूलो निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | १ करोड ५० खख | शहीदनगर नगरपालिका का ५० लाख | प्रदेश सरकार १ करोड | २०८० देखि २०८३ सम्म |
| | बाढी | आर्दश चौक देखि चाँदनी चौक सम्म बाटोको दाया बाया पानी निकासको लागि नाला निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५० लाख | २० लाख नगरपालिका | ३० लाख प्रदेश सरकार | २०८० देखि २०८५ |
| | बाढी | काजी पैनीको दक्षिण पटि फाटक निर्माण | वडा विपद् | २० लाख | ५ लाख | १५ लाख प्रदेश | २०८० देखि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गर्ने | व्यवस्थापन समिति | | नगरपालिका | सरकार | २०८३ |
| | बाढी | कमला नदीबाट आएको नहरमा यदुकहाको दक्षिणपटि फाटक निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | २० लाख | ५ लाख नगरपालिका | १५ लाख प्रदेश सरकार | २०८० देखि २०८३ |
| वडा न ४ | खडेरी | सिंचाइको लागि बोरिगंको व्यवस्था गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५ लाख | ५ लाख नगरपालिका | | २०८० फाल्गुन मसान्त भित्र |
| | सडक दुर्घटना | ट्राफिक प्रहरी सचेतना कार्याक्रम , गर्ने, मापसे चेक गर्ने गति सिमित गर्ने। हेल्मेट अनिवार्य लगाउने कार्यक्रमहरु गर्ने | ट्राफिक प्रहरी | | वडा समिति , | जिल्ला ट्राफिक कार्यालय, नगरपालिका | हरेक वर्ष ३ , ३ महिनाको अन्तरालमा |
| | पशुमा लाग्ने रोग | लम्फी स्कीन डिजिज मार्ने औषधीको व्यवस्था गर्ने | वडा अध्यक्ष | १००००० | वडा समिति | पशु शाखा , नगरपालिका | हरेक वर्ष चैत्र वैशाख महिना |
| | कृषि बालीमा लाग्ने रोग -धान सुक्ने) धान धूलो जस्तो हुने | किरा मार्ने औषधीको व्यवस्था गर्ने | वडा अध्यक्ष | २ लाख | वडा समिति | कृषि शाखा , नगरपालिका | हरेक वर्ष असार देखि चैत्र सम्म |
| वडा न ५ | बाढी | बाढी सम्बन्धी जनचेतना फैलाउने, खोज तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गर्ने | वडा विपद् व्यवस्थापनव्यवस्थापन समिति | १ करोड | शहीदनगर नगरपालिका, २ लाख ५० हजार | प्रदेश सरकार ७ लाख ५० हजार | २०८० देखि २०८१ भित्र |
| | बाढी | खोज तथा उद्धार टोली गठन गरि क्षमता अभिवृद्धि गर्ने | वडा विपद् व्यवस्थापनव्यवस्थापन समिति | ५ लाख | शहीदनगर नगरपालिका, १ लाख २५ हजार | प्रदेश सरकार ३ लाख ७५ हजार | २०८० देखि २०८१ भित्र |
| | डुवान | विमला नदिमा आएको बाढीले पर्चहवा टोल, र पिपरपटी टोलको २६९ घर उच्च जोखिममा भएकाले तटबन्ध निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५० लाख | शहीद नगर नगरपालिका, | प्रदेश सरकार ५० लाख | २०८० देखि २०८१ भित्र |
| | बाढी | भुस नदिबाट कटी, विर्ता टोलमा २०९ घर बस्ती, खेतीयोग्य जमिन डुवानमा हुने भएकोले भुस नदिमा तटबन्ध निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | ६० लाख | शहीद नगर नगरपालिका, | प्रदेश सरकार ६० लाख | २०८० देखि २०८१ भित्र |
| वडा ६ | बाढी | कमला नहर सफा राख्ने , र डाईभर्सन गरेर साना साना नहरमा जोड्ने | वडा विपद् व्यवस्थापन समिति | ३० लाख | वडा विपद् व्यवस्थापन समिति | कमला सिंचाई , र प्रदेश सरकार २५ | २०८० चैत्र मसान्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ५ लाख | लाख | सम्म | |
| | बाढी | हठिपुरको पासवान वस्तीमा पानीको निकास नहुनुको कारण डुवान हुने भएकोले हरवारा देखि हठिपुर सम्म २ किमी तटबन्ध निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | २ करोड | ४० लाख नगरपालिका | १ करोड ६० लाख प्रदेश सरकार | २०८० देखि २०८३ सम्म | |
| वडा ७ | बाढी | ताराटोल देखि बेमुवा टोल सम्म काजी पैनीमा तटबन्ध निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | २ करोड | ४० लाख नगरपालिका | १ करोड ६० लाख, प्रदेश सरकार | २०८० देखि २०८४ सम्म | |
| | बाढी | वर्षाको पानी जमेर दुर्गाचौक धवौली देखि मेनरोड सम्म दुवैतिर दाया बाया नाला सहितको ढलान बाटो निर्माण गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५० लाख | २० लाख नगरपालिका | ३० लाख प्रदेश सरकार | २०८० देखि २०८२ सम्म | |
| वडा ८ | बाढी | विर्तामा रहेको बछराजा नदिको पूर्वपटि फाटक दिने | वडा विपद् व्यवस्थापन समिति | १० लाख | शहीद नगर नगर पालिका | १० लाख प्रदेश सरकार | २०८० देखि २०८४ सम्म | |
| | हावाहुरी | रुखहरु काँटछाट गर्ने, घरवरिपरिको , टिनको जस्ता राम्रो सँग बलियो गरि बाँध्ने | घरधनी, वडा विपद् व्यवस्थापन समिति | | शहीदनगर नगरपालिका | | प्रत्येक वर्ष फाल्गुनमा | |
| | महामारी | महामारीबाट बच्नको लागि सरसफाइ सम्बन्धी शद्ध खानेपानी पिउनुपर्छ भन्ने जनचेतनामूलक<br>कार्यक्रम गर्ने घरआँगन र नाला सरसफाई गर्ने | घरधनी, वडा विपद् व्यवस्थापन समिति | | शहीद नगर नगरपालिका | | २०८० असार देखि निरन्तर | |
| | बाढी | कमला नदिको बाँध भत्कियो भने पासवान टोल र नाथपटि टोल डुवानमा पर्न सक्ने भएकोले कमला नदिमा बाँध मर्मत गर्ने | वडा विपद् व्यवस्थापन समिति | ५० लाख | शहिद नगर नगरपालिका १० लाख | प्रदेश सरकार ४० लाख | २०८० देखि २०८४ | |
| वडा ९ | बाढी | कमला नहरको कारण विर्ताटोलको ५० घरधुरी ,केउजानीको १५७ घर र गोठकोयलपुर को २०० घर उच्च जोखिममा भएकोले. कमला नहर मर्मत गर्ने | वडा विपद् व्यवस्थापन समिति | ७५ लख | शहीद नगर नगरपालिका २५ लाख | प्रदेश सरकार ५० लाख | २०८० देखि २०८४ | |
| | खडेरी | खेतीपाती गर्न पर्याप्त पानी नभएकोले बोरिगंको व्यवस्था गर्ने | वडा विपद् व्यवस्थापन समिति | १ करोड | शहीद नगर नगरपालिका ५० लाख | प्रदेश सरकार ५० लाख | २०८० देखि २०८२ | |
| | बाढी | सोनपुर,गोठकोयलपरडुवान हुने भएकोले | वडा विपद् | २ करोड | शहीद नगर | प्रदेश सरकार | २०८० देखि | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
